# गैरआवासीय नेपाली संघको विधान २००३

(२०२२ को संशोधनसहित)

श्री परराष्ट्र मन्त्रालय
(मा. परराष्ट्र मन्त्रीस्तर) को मिति
२०७१/११/१२ को निर्णयानुसार
हुने गरी यो विधान प्रमाणित
गरिन्छ।

२०७१/११/१८
([illegible] चिताल)
सह सचिव

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

विधानको जम्मा पेज
संख्या ४२ रहेको।

NRNA
Non-Resident Nepali Association

**गैरआवासीय नेपाली संघ**

**काठमाण्डौ।**

Non-Resident Nepali Association
NRNA
Kathmandu, Nepal

# गैरआवासीय नेपाली संघको विधान २००३

## (२०२२ को संशोधन सहित)

**प्रस्तावना**

नेपालको विकास र प्रबर्द्धनमा टेवा पुऱ्याउन, विश्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैरआवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि मस्कोमा प्रारम्भिक छलफल गरी इस्वी सन् २००३ (वि.सं. २०६०) मा लण्डनमा सम्पन्न गैरआवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भई सोही वर्षको ११ अक्टोवरमा काठमाण्डौमा पहिलो विश्व सम्मेलन गरी आफ्नो गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभूत मानव अधिकार प्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरी एक स्वतन्त्र, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको स्थापना गर्नको लागि यो विधान बनाइएको छ ।

**परिच्छेद - १**

१. **संक्षिप्त नाम:**

१.१ यस संघको नाम **"गैरआवासीय नेपाली संघ"** (यसपछि **"संघ"** भनिएको) हुनेछ ।

१.२ संघलाई अंग्रेजीमा **"Non-Resident Nepali Association"** र छोटकरीमा **"NRNA"** भनिनेछ ।

२. यस संघको मूल मन्त्र **"नेपालीका लागि नेपाली"** हुनेछ ।

३. संघको आफ्नो छुट्टै प्रतीक चिन्ह, शपथको ढाँचा, छाप, लेटरहेड र सदस्यता परिचयपत्र हुनेछ ।

३.१ संघको प्रतीक चिन्ह अनुसूची - १ मा उल्लेख भए बमोजिम हुनेछ ।

३.२ संघको शपथको ढाँचा अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

३.३ संघको छाप अनुसूची - ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

३.४ संघको लेटरहेड तोके बमोजिम हुनेछ ।

३.५ संघको सदस्यता परिचयपत्र तोके बमोजिम हुनेछ ।

४. संघ नेपालमा दर्ता हुनेछ र यसको सचिवालय पनि नेपालमा स्थापना गरिनेछ ।

Non Resident Nepali Association NRN Kathmandu, Nepal

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

## परिच्छेद - २

५. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा:

५.१ **"गैरआवासीय नेपाली"** भन्नाले नेपाली मुलको विदेशी नागरिक वा दुई वर्ष भन्दा बढि नेपाल सरकारबाट खटीई विदेशस्थित नेपाली नियोगमा बहाल रहेको, विदेश स्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक र दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा पेशा, रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँदछ । यसै अनुच्छेदमा उल्लेखित "नेपाली मूलका विदेशी नागरिक" भन्नाले कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे, वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एसियाली सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्तिलाई जनाउँदछ ।

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

५.२ **"संघ"** भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउँनेछ ।

५.३ **"विधान"** भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ र उक्त विधानमा समय समयमा भएको संशोधन समेतलाई सम्झनु पर्दछ ।

५.४ यो विधान संघसँग आवद्ध सबैलाई समान ढंगले लागू हुनेछ ।

५.५ **"अन्तर्राष्ट्रिय समन्वय परिषद्"** भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउँनेछ । अंग्रेजीमा International Coordination Council र छोटकरीमा ICC (आइसीसी) भनिनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद् नै कार्य समिति हुनेछ ।

५.६ **"राष्ट्रिय समन्वय परिषद्"** भन्नाले संघको राष्ट्रिय समन्वय परिषद्लाई जनाउँनेछ । अंग्रेजीमा National Coordination Council र छोटकरीमा NCC (एनसीसी) भनिनेछ । राष्ट्रिय समन्वय परिषद् नै कार्य समिति हुनेछ ।

५.७ **"सम्मेलन"** भन्नाले संघको विश्व सम्मेलनलाई जनाउँनेछ ।

५.८ **"अन्तर्राष्ट्रिय महाधिवेशन"** भन्नाले संघको अन्तर्राष्ट्रिय महाधिवेशनलाई जनाउँनेछ ।

५.९ **"साधारण सभा"** भन्नाले संघको साधारण सभालाई जनाउँनेछ ।

५.१० **"विशेष साधारण सभा"** भन्नाले संघको विशेष साधारण सभालाई जनाउँनेछ ।

५.११ **"राष्ट्रिय महाधिवेशन"** भन्नाले राष्ट्रिय समन्वय परिषद्को अधिवेशनलाई जनाउँनेछ ।

५.१२ **"अधिवेशन"** भन्नाले राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठित सम्बन्धित राष्ट्रका क्षेत्रीय समन्वय परिषद्हरुको अधिवेशनलाई जनाउँनेछ ।

५.१३ **"सचिवालय"** भन्नाले संघको दैनिक कार्य सञ्चालनार्थ नेपालमा स्थापना गरिएको कार्यालयलाई जनाउँनेछ ।

५.१४ **"पदाधिकारी"** भन्नाले अध्यक्ष, उपाध्यक्षहरु, महिला उपाध्यक्ष, युवा उपाध्यक्ष, महासचिव, उपमहासचिवहरु, सचिवहरु, महिला सचिव, प्रवक्ता, कोषाध्यक्ष, सह-कोषाध्यक्षहरु, महिला

Non Resident Nepali Association NRNA Kathmandu, Nepal

सहकोषाध्यक्ष, महिला संयोजक, युवा संयोजक, क्षेत्रीय संयोजकहरु, क्षेत्रीय उपसंयोजकहरु, क्षेत्रीय महिला संयोजकहरु, क्षेत्रीय युवा संयोजकहरु, क्षेत्रीय महिला उपसंयोजकहरु, क्षेत्रीय युवा उपसंयोजकहरु र दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजकलाई सम्झनु पर्छ । अंग्रेजीमा Office Bearers र छोटकरीमा OB (ओबि) भनिनेछ ।

५.१५ **"अध्यक्ष"** भन्नाले संघको अध्यक्षलाई जनाउँनेछ ।

५.१६ **"उपाध्यक्ष"** भन्नाले संघको उपाध्यक्षलाई जनाउँनेछ ।

५.१७ **"महासचिव"** भन्नाले संघको महासचिवलाई जनाउँनेछ ।

५.१८ **"सचिव"** भन्नाले संघको सचिवलाई जनाउँनेछ ।

५.१९ **"कोषाध्यक्ष"** भन्नाले संघको कोषाध्यक्षलाई जनाउँनेछ ।

५.२० **"सहकोषाध्यक्ष"** भन्नाले संघको सहकोषाध्यक्षलाई जनाउँनेछ ।

५.२१ **"प्रवक्ता"** भन्नाले संघको प्रवक्तालाई जनाउँनेछ ।

५.२२ **"महिला संयोजक"** भन्नाले संघको महिला संयोजकलाई जनाउँनेछ ।

५.२३ **"युवा संयोजक"** भन्नाले संघको युवा संयोजकलाई जनाउँनेछ ।

५.२४ **"क्षेत्रीय संयोजक"** भन्नाले संघको क्षेत्रीय संयोजकलाई जनाउँनेछ ।

५.२५ **"क्षेत्रीय उपसंयोजक"** भन्नाले संघको क्षेत्रीय उपसंयोजकलाई जनाउँनेछ ।

५.२६ **"क्षेत्रीय महिला संयोजक"** भन्नाले संघको क्षेत्रीय महिला संयोजकलाई जनाउँनेछ ।

५.२७ **"क्षेत्रीय युवा संयोजक"** भन्नाले संघको क्षेत्रीय युवा संयोजकलाई जनाउँनेछ ।

५.२८ **"क्षेत्रीय महिला उपसंयोजक"** भन्नाले संघको क्षेत्रीय महिला उपसंयोजकलाई जनाउँनेछ ।

५.२९ **"क्षेत्रीय युवा उपसंयोजक"** भन्नाले संघको क्षेत्रीय युवा उपसंयोजकलाई जनाउँनेछ ।

५.३० **"साधारण सदस्य"** भन्नाले संघको साधारण सदस्यलाई जनाउँनेछ ।

५.३१ **"पञ्जिकृत सदस्य"** भन्नाले संघको पञ्जिकृत सदस्यलाई जनाउँनेछ ।

५.३२ **"मानार्थ सदस्य"** भन्नाले संघको मानार्थ सदस्यलाई जनाउँनेछ ।

५.३३ **"सम्बद्ध सदस्य"** भन्नाले संघको सम्बद्ध सदस्यलाई जनाउँनेछ ।

५.३४ **"संरक्षक परिषद्"** भन्नाले एकजना प्रमुख संरक्षक र संरक्षकहरु रहेको समितिलाई जनाउँनेछ ।

५.३५ **"सल्लाहकार"** भन्नाले संघको सल्लाहकारलाई जनाउँनेछ ।

५.३६ **"मानार्थ परिषद् सदस्य"** भन्नाले संघको मानार्थ परिषद्का सदस्यहरुलाई जनाउँनेछ ।

५.३७ **"क्षेत्रीय समिति"** भन्नाले संघको क्षेत्रीय समितिलाई जनाउँनेछ ।

५.३८ **"अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय"** भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्का काम कारवाहीहरुलाई छिटो छरितो रुपमा सम्पन्न गर्न अध्यक्ष, उपाध्यक्षहरु, महिला उपाध्यक्ष, युवा उपाध्यक्ष, महासचिव, उपमहासचिवहरु, सचिवहरु, महिला सचिव, प्रवक्ता, कोषाध्यक्ष, सह-कोषाध्यक्षहरु, महिला सहकोषाध्यक्ष, महिला संयोजक र युवा संयोजक समेत रहेको समितिलाई जनाउँनेछ र सोही समितिका पदाधिकारीहरुलाई कार्य कारिणी समितिका

पदाधिकारीहरुका रुपमा बुझिनेछ । अंग्रेजीमा International Executive Secretariate र छोटकरीमा IES (आइएस) भनिनेछ ।

५.३९ **"छाप"** भन्नाले संघको छापलाई जनाउँनेछ ।

५.४० **"लेटरहेड"** भन्नाले संघको लेटरहेडलाई जनाउँनेछ ।

५.४१ **"क्षेत्रीय सम्मेलन"** भन्नाले संघको क्षेत्रीय सम्मेलनलाई जनाउँनेछ ।

५.४२ **"विश्व सम्मेलन"** भन्नाले संघको अन्तर्राष्ट्रिय महाअधिवेशनको मिति सँगै मेल खाने गरी आयोजना हुने गैरआवासीय नेपालीहरुको विश्व सम्मेलनलाई जनाउँनेछ ।

५.४३ **"समिति"** भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गठन गरेको समितिलाई जनाउँनेछ ।

५.४४ **"उपसमिति"** भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गठन गरेको उपसमितिलाई जनाउँनेछ ।

५.४५ **"कार्य दल (Task Force)"** भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विधानको दफा १७.८ बमोजिम गठन गरेका कार्य दल (Task Force) लाई जनाउँनेछ ।

५.४६ **"विभाग"** भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गठन गरेको विभागलाई जनाउँनेछ ।

५.४७ **"एनआरएन फाउण्डेसन"** भन्नाले संघको फाउण्डेसनलाई जनाउँनेछ ।

५.४८ **"एनआरएनए पोलिसी इन्स्टीच्युट"** भन्नाले संघको पोलिसि इन्स्टीच्युटलाई जनाउँनेछ ।

५.४९ **"एनआरएनए पेशागत तथा प्राज्ञिक ईकाइ"** भन्नाले संघको पेशागत तथा प्राज्ञिक ईकाइलाई जनाउँनेछ ।

५.५० **"दर्ता शुल्क"** भन्नाले विश्व सम्मेलन वा अन्तर्राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय महाधिवेशन वा क्षेत्रीय सम्मेलनमा भाग लिन नाम दर्ता गर्दा लाग्ने दस्तुरलाई जनाउँनेछ ।

५.५१ **"एकबचन"** शब्दले बहुवचन र बहुवचन शब्दले एकवचनलाई समेत जनाउँनेछ ।

५.५२ **"पुलिङ्ग"** शब्दले स्त्रीलिङ्ग समेतलाई जनाउँनेछ ।

५.५३ **"व्यक्ति"** शब्दले प्राकृतिक र कानूनी दुवै व्यक्तिलाई जनाउँनेछ ।

५.५४ **"युवा"** भन्नाले अन्तर्राष्ट्रिय महाधिवेशन शुरु भएको दिन सम्म ४० वर्ष उमेर नकाटेको व्यक्तिलाई जनाउँनेछ ।

५.५५ **"एक कार्यकाल"** भन्नाले राष्ट्रिय समन्वय परिषद् र अन्तर्राष्ट्रिय समन्वय परिषद्को हकमा परिषद्को क्रमिक दुई महाधिवेशन विचको अवधिलाई जनाउँनेछ भने व्यक्तिको हकमा परिषद्को कुनै पदमा कम्तिमा एक वर्ष काम गरेको अवधिलाई जनाउँनेछ ।

५.५६ **"विज्ञ, लगानी, श्रम, महिला, युवा लगायत विषयगत सम्मेलन"** भन्नाले संघको विज्ञ, लगानी, श्रम, महिला, युवा लगायत विषयगत सम्मेलनलाई जनाउँनेछ ।

५.५७ **"महिला उपाध्यक्ष"** भन्नाले संघको महिला उपाध्यक्षलाई जनाउँनेछ ।

५.५८ **"युवा उपाध्यक्ष"** भन्नाले संघको युवा उपाध्यक्षलाई जनाउँनेछ ।

Non-Resident Nepali Association NRN Kathmandu, Nepal

५.५९ **"उपमहासचिव"** भन्नाले संघको उपमहासचिवलाई जनाउँनेछ ।

५.६० **"महिला सचिव"** भन्नाले संघको महिला सचिवलाई जनाउँनेछ ।

५.६१ **"महिला सहकोषाध्यक्ष"** भन्नाले संघको महिला सहकोषाध्यक्षलाई जनाउँनेछ ।

५.६२ **"दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक"** भन्नाले विदेशमा माध्यामिक विधालय तह सम्म अध्ययन गरेको ३० वर्ष नकाटेको गैरआवासीय नेपालीलाई जनाउँनेछ ।

५.६३ **"अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य"** भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यलाई जनाउँनेछ ।

५.६४ **"तोकिएको वा तोकिए बमोजिम वा तोके बमोजिम"** भन्नाले अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले निर्णय गरि वा नियमावली बनाई तोकिएको वा तोकिए बमोजिम वा तोके बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद - ३

६. **उद्देश्यहरु**:

विदेशमा बस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपाल भित्र र बाहिर उनीहरूको हितलाई प्रबर्द्धन गर्ने र नेपालको हितमा उनीहरुको योगदान गर्न परिचालन गर्ने एक गैर नाफामुलक सामाजिक संस्थाको रुपमा कार्य गर्नु नै संघको मुख्य उद्देश्य रहनेछ । यी उद्देश्यहरु प्राप्त गर्नका लागि संघले देहाय बमोजिमका कार्यहरु गर्नेछः

६.१ विदेशमा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवं नेपालको प्रबर्द्धन गर्ने ।

६.२ संसारभरिका नेपाली संघ संगठनहरुसँग समन्वय कायम गर्ने एवं विश्व सञ्जाल स्थापना गरी गैरआवासीय नेपालीहरुको साझा संस्थाको रुपमा तिनको प्रतिनिधित्व गर्ने ।

६.३ गैरआवासीय नेपालीको पूँजी र मानव संसाधनको लगानी, नेपालको चौतर्फी विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसँग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने ।

६.४ विदेशी मुलुकमा नेपाली संस्कृति र पर्यटनको प्रबर्द्धन गर्ने ।

६.५ विदेशी प्रत्यक्ष लगानीलाई नेपालभित्र आकर्षण गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने ।

६.६ गैरआवासीय नेपालीहरु बसोबास गरी रहेका मुलुकहरुमा उनीहरुको स्थायित्व, सुरक्षित वैदेशिक रोजगार र समग्र हितका लागि क्रियाशिल रहने ।

## परिच्छेद - ४

७. **सदस्यता**: कानून बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम रहेसम्म यस संघको सदस्यता कायम रहने गरी तोकिए बमोजिमको सदस्यता परिचयपत्र प्रदान गर्न सकिनेछ । संघका सदस्यता देहाय बमोजिम चार प्रकारका हुनेछन्:

७.१ **साधारण सदस्य:** दुई वर्ष भन्दा बढि दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा नेपाल सरकारबाट खटीई विदेशस्थित नेपाली नियोगमा बहाल रहेको र विदेश स्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक बाहेक पेशा रोजगारी वा व्यवसाय गरी बसोबास गर्ने नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिक यस संघका साधारण सदस्य हुनेछन् ।

७.२ **पञ्जिकृत सदस्य:** यस विधानमा तोकिए बमोजिम राष्ट्रिय समन्वय परिषद् वा राष्ट्रिय समन्वय परिषद् गठन भई नसकेका राष्ट्रमा अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट सदस्यता प्राप्त गर्ने व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् । राष्ट्रिय समन्वय परिषद् गठन नभएका देशका पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने छन् तर यस्ता सदस्यहरुको निर्वाचनमा मताधिकार हुनेछैन् ।

७.३ **सम्बद्ध सदस्य**: नेपाललाई सहयोग र प्रबर्द्धन गर्न चाहने गैर नेपाली मूलको व्यक्ति वा संस्था संघको सम्वद्ध सदस्य हुनेछ ।

७.४ **मानार्थ सदस्य**: गैरआवासीय नेपालीको हकहित संरक्षणमा उल्लेखनीय योगदान पुर्‍याएका व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले मानार्थ सदस्य प्रदान गर्नेछ ।

८. **सदस्यताको लागि योग्यता:** देहायको योग्यता पुगेको व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन्:

८.१ १८ वर्ष उमेर पुरा भएको ।

८.२ यस विधानको दफा ५ को उपदफा ५.१ को परिभाषा बमोजिम गैरआवासीय नेपाली हुने योग्यता पुरा गरेको ।

९. **सदस्यता शुल्क र सदस्यको विवरण:**

९.१ पञ्जिकृत सदस्यता जारी गर्ने अधिकार राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ । सम्बद्ध र मानार्थ सदस्यता अन्तर्राष्ट्रिय समन्वय परिषद्ले प्रदान गर्नेछ । राष्ट्रिय समन्वय परिषद्ले सम्बद्ध र मानार्थ सदस्यताको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई सिफारिस गर्न सक्नेछ । संस्थालाई सम्बद्धता प्रदान गर्ने कार्यविधी अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तयार गर्नेछ ।

९.२ पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके अनुसार हुनेछ ।

९.३ राष्ट्रिय समन्वय परिषद्ले आवश्यक ठानेमा अतिरिक्त शुल्क तोक्न सक्नेछ । यसरी तोकिएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषद्को कोषमा रहनेछ ।

Non-Resident Nepali Association NRNA Kathmandu

९.४ राष्ट्रिय समन्वय परिषद्ले तोकिएको मिति भित्र परिषद्का सदस्यहरुको विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको मापदण्ड मार्फत शुल्क सहित अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पठाउनु पर्नेछ ।

९.५ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सम्पूर्ण पञ्जिकृत सदस्यहरुको अभिलेख राख्नेछ ।

१०. **सदस्यताको समाप्ति एवं सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु:**

१०.१ प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरण योग्य हुनेछैन ।

१०.२ यस विधान र राष्ट्रिय समन्वय परिषद्को विधान सहित संघको अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरुलाई प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ ।

१०.३ पञ्जिकृत सदस्यहरुलाई सम्बन्धित राष्ट्रिय महाधिवेशनमा भाग लिने, राष्ट्रिय समन्वय परिषद्को विधानको दायरामा रही निर्वाचित हुने पदमा उम्मेदवार हुने वा मतदान गर्न पाउने तथा अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन प्रतिनिधि चुनिनका लागि उम्मेदवार बन्ने हक हुनेछ । साधारण सदस्यले सम्बन्धित राष्ट्रिय महाधिवेशनमा वा संघको कुनै पनि तहको अधिवेशनमा मताधिकार सहित भाग लिन पञ्जिकृत सदस्यता लिनु पर्नेछ ।

१०.४ मानार्थ तथा सम्बद्ध सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ । तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक हुनेछैन ।

१०.५ देहायको अवस्थामा गैरआवासीय नेपाली संघको सदस्यता समाप्त हुनेछ :

१०.५.१ संघको विधानको दफा ५ को उपदफा ५.१ अनुसार गैरआवासीय नेपालीको हैसियत समाप्त भएमा ।

१०.५.२ सदस्यको मृत्यु भएमा ।

१०.५.३ विधान बमोजिम राष्ट्रिय समन्वय परिषद्ले गरेको कारवाही अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सदर गरेमा ।

१०.५.४ कुनै पनि पञ्जिकृत सदस्यले लिखित रुपमा एक महिनाको सूचना राष्ट्रिय समन्वय परिषद्का अध्यक्षलाई दिएर संघको सदस्यता परित्याग गर्नको लागि निवेदन गर्न सक्नेछ । निवेदन स्वीकृत भएमा राष्ट्रिय समन्वय परिषद्ले तोकेको मितिबाट निजको संघको पञ्जिकृत सदस्यता अन्त्य हुनेछ ।

## परिच्छेद - ५

११. **विश्व सम्मेलन:** अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विश्व सम्मेलन अन्तर्राष्ट्रिय महाधिवेशनको मितिसँगै मेल खाने गरी दुई वर्षमा एक पटक आयोजना गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको समय, स्थान र छलफलको विषय सूची तोक्नेछ ।

१२. **विज्ञ, लगानी, श्रम, महिला, युवा लगायत विषयगत सम्मेलन**: विज्ञ, लगानी, श्रम, महिला, युवा लगायत विषयगत सम्मेलन विश्वका विभिन्न मुलुकहरुमा नेपालीहरुले आर्जेको विभिन्न सीप, ज्ञान, प्रविधि तथा कौशल एवं अनुभवलाई नेपालको समृद्धिमा उपयोग गर्नको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले नेपाल भित्र वा बाहिर एक विज्ञ सम्मेलनको आयोजना गर्न सक्नेछ । साथै नेपालको सामाजिक आर्थिक क्षेत्रमा टेवा पुऱ्याउनको लागि लगानी तथा अन्य विषयगत सम्मेलन गर्न सक्नेछ । विज्ञ सम्मेलन प्रत्येक २ वर्षमा एक पटक आयोजना गरिनेछ । अन्य सम्मेलन आवश्यकता अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्णय बमोजिम गरिनेछ । बिज्ञ, लगानी, श्रम, महिला, युवा लगायतका विषयगत सम्मेलन तथा क्षेत्रीय सम्मेलन भौतिक वा अनलाइन माध्यमबाट आयोजना गर्न सकिनेछ ।

१२.१ **क्षेत्रीय सम्मेलन:** संसारका सबै क्षेत्रमा बस्ने गैरआवासीय नेपालीहरुको सरोकारको विषयमा क्षेत्रगत रुपमा विस्तृत छलफल गर्न, गैरआवासीय नेपालीको हक हितको संरक्षण गर्न, गैरआवासीय अभियानमा महिला, युवा तथा दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरु सहित बढी भन्दा बढीको संलग्नता र सकृयता बढाउनका लागि संघले निर्धारण गरेको सम्बन्धित क्षेत्रका क्षेत्रीय समितिले अन्तर्राष्ट्रिय समन्वय परिषद्को परामर्शमा संसारका विभिन्न भागहरुमा क्षेत्रीय सम्मेलनको आयोजना गर्न सक्नेछ । क्षेत्रीय सम्मेलन प्रत्येक २ वर्षमा कम्तिमा एक पटक आयोजना गर्नु पर्नेछ । भौतिक रुपमा आयोजना हुने क्षेत्रीय सम्मेलनको स्थान क्षेत्रीय बैठकले तय गर्नेछ । क्षेत्रीय सम्मेलन अनलाइन माध्यमबाट पनि आयोजना गर्न सकिनेछ ।

१३. **अन्तर्राष्ट्रिय महाधिवेशन:** अन्तर्राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषद् बाट पठाइएका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु तथा सदस्यहरु, सल्लाहकारहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिमका पर्यवेक्षकहरु, मानार्थ र सम्बद्ध सदस्यहरुले भागलिन पाउने छन् । तर पर्यवेक्षक, मानार्थ र सम्बद्ध सदस्यहरुलाई मतदान गर्ने वा उम्मेदवारी दिने अधिकार रहने छैन ।

१३.१ अन्तर्राष्ट्रिय महाधिवेशन संघको सर्वोच्च अंग हुनेछ । संघको अन्तर्राष्ट्रिय महाधिवेशन कम्तीमा दुई वर्षमा एक पटक बस्नेछ ।

१३.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले आवश्यक देखेमा तोकिएको अन्तर्राष्ट्रिय महाधिवेशनको मितिलाई पछि सार्न वा स्थगित गर्न सक्नेछ । तर यो अवधि ६ महिना भन्दा बढी हुने छैन ।

१३.३ अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलन हुने समय र स्थानको औपचारिक घोषणा अन्तर्राष्ट्रिय महाधिवेशन हुनु भन्दा तीन महिना अगावै गरिनु पर्नेछ ।

१३.४ पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशन र साधारण सभामा भाग लिनको लागि दफा १३.७ बमोजिमको प्रकृया पुरागरी आफ्नो नाम रीतपूर्वक राष्ट्रिय समन्वय परिषद् मा दर्ता गराउनु पर्नेछ ।

१३.५ पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुनका लागि राष्ट्रिय समन्वय परिषद्ले जारी गरेको दर्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

१३.६ बहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी एवं सदस्यहरुलाई मतदान अधिकार सहित संघको अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक स्वतः हुनेछ । तर यस्ता पदाधिकारीहरुको गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनु पर्नेछ ।

१३.७ अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले अनुसूची - ६ अनुसारको संख्यामा प्रतिनिधि चयन गर्नेछन् । प्रतिनिधिहरुको छनोट, प्रमाणिकरण लगायतका अन्य व्यवस्था "**अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि व्यवस्थापन सम्बन्धी नियमावली**" अनुसार हुनेछ । राष्ट्रिय समन्वय परिषद्को सदस्यता वितरण तथा निर्वाचन प्रक्रियाहरूको सुपरिवेक्षण गर्न १ (एक) समितिको गठन गरिनेछ । यस समितिमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्का बहालबाला अध्यक्ष (निवर्तमान हुन लागेका अध्यक्ष), सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक र अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले सिफारिस गरेका १ (एक) जना सदस्यहरु रहने छन् । साथै अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि छनोटको सुपरिवेक्षण गर्न अर्को समितिको गठन गरिनेछ । यस समितिमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्का बहालबाला अध्यक्ष (नवनिर्वाचित अध्यक्ष), सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक र अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले सिफारिस गरेका १ (एक) जना सदस्यहरु रहने छन् ।

**प्रतिनिधि चयन प्रक्रिया निम्नानुसार हुनेछः**

(क) संघमा विभिन्न किसिमले आवद्ध भएका पञ्जिकृत सदस्यहरुबाट अनुसूची - ६ मा उल्लेख गरेको संख्यामा नवनिर्वाचित राष्ट्रिय समन्वय परिषद्ले चयन गर्नेछ । यी प्रतिनिधिहरुको चयन अनुसूची - ६(क) मा उल्लेख भएको प्राथमिकताको आधारमा गर्नु पर्नेछ ।

(ख) अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय (आइएस)को सुझावमा संघको अध्यक्षले पञ्जिकृत सदस्यहरु मध्येबाट २१ (एक्काइस) जना प्रतिनिधि मनोनित गर्नेछन् । यस्ता प्रतिनिधि मध्य ७ (सात) जना प्राज्ञिक र पेशागत व्यक्तिहरु (अन्तर्राष्ट्रिय समन्वय

परिषद्, राष्ट्रिय समन्वय परिषद्का पेशागत र प्राविधिक समितिमा बसेर काम गरेका सहित) हुनु पर्नेछ ।

(ग) अन्तर्राष्ट्रिय समन्वय परिषद्का बहालवाला पदाधिकारीहरु, सदस्यहरु, संरक्षकहरु, सल्लाहकारहरु, मानार्थ परिषद् सदस्यहरु र नवनिर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरु र राष्ट्रिय समन्वय परिषद्का नव निर्वाचित र निवर्तमान अध्यक्षहरु प्रतिनिधि हुनेछन् ।

(घ) अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पछिल्लो कार्यकालमा कम्तिमा रु. १०,००,०००/- (अक्षरेपी दश लाख रुपैयाँ) आर्थिक सहयोग गरेका व्यक्तिहरु आसन्न महाधिवेशनमा १ (एक) पटकका लागि प्रतिनिधि हुनेछन् ।

खण्ड (ख), खण्ड (ग) र खण्ड (घ) सम्मका प्रतिनिधिहरु अनुसूची - ६ मा तोकेको संख्या बाहेकका हुनेछन् । यस्ता प्रतिनिधिहरुको आवेदन अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लिनेछ ।

प्रतिनिधि हुन गैरआवासीय नेपालीको हैसियत कायम रही संघको पञ्जिकृत सदस्य रहेको हुनु पर्नेछ ।

१४. **अन्तर्राष्ट्रिय महाधिवेशन र वार्षिक साधारण सभाका कार्यहरु:**

संघको साधारण सभा प्रत्येक वर्ष गरिनेछ । अन्तर्राष्ट्रिय महाधिवेशन प्रत्येक २ (दुई) वर्षमा गरिनेछ । महाधिवेशन हुने वर्षको साधारण सभा सोही महाधिवेशनमा गरिनेछ । अन्तर्राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारीहरुको निर्वाचन गर्नेछ ।

महाधिवेशनका प्रतिनिधिहरु दफा १३.७ अनुसार हुनेछन् भने साधारण सभाका प्रतिनिधिहरु दफा १४.१० अनुसार हुनेछन् । प्रतिनिधि हुन गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनु पर्नेछ । महाधिवेशन र साधारण सभाको सूचना र छलफलका विषयहरु कम्तिमा १ (एक) महिना अगाडि सार्वजनिक गर्नु पर्नेछ । महाधिवेशन तथा साधारण सभामा उपस्थिति जनाउने संख्यालाई गणपुरक संख्या मानिनेछ । महाधिवेशन तथा साधारण सभा अनलाइन अथवा भौतिकरुपमा उपस्थित भई गर्न सकिनेछ । भौतिक रुपमा उपस्थित हुन नसक्ने प्रतिनिधिहरुको लागि अनलाइन मार्फत साधारण सभामा भाग लिन र निर्वाचनमा मतदानको व्यवस्था गर्नु पर्नेछ ।

साधारण सभाको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्कका बहालवाला अध्यक्ष गर्नेछन् । साधारण सभामा अध्यक्ष अनुपस्थित भएमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको उपाध्यक्ष मध्ये कुनै १ (एक) जनाले साधारण सभाको अध्यक्षता गर्ने गर्नेछन् तर निजको समेत अनुपस्थित भएमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय तोकेको कुनै १ (एक) जनाले साधारण सभाको अध्यक्षता गर्ने छन् । साधारण सभाको सञ्चालन संघको महासचिवले गर्नेछन् तर निजको अनुपस्थित भएमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोके अनुसार उपमहासचिवहरु मध्ये एक, उपमहासचिवहरु अनुपस्थिति भएमा सचिवहरु मध्ये कुनै १ (जना) ले र सचिवहरुको

समेत अनुपस्थिति रहेमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको कुनै १ (एक) जनाले गर्नेछन् ।

**साधारण सभाको कार्यहरु देहाय बमोजिम हुनेछन्:**

१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषद् बाट सञ्चालित क्रियाकलापहरुलाई मूल्याङ्कन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई निर्देशन दिने ।

१४.२ संघको उद्देश्य प्राप्तिको लागि संघको नीतिहरु तय गर्ने ।

१४.३ आवश्यकता अनुसार संघको विधानको संशोधन गर्ने ।

१४.४ संघको नीति तथा कार्यक्रमहरुको निर्माण र विकास गर्ने ।

१४.५ विषयगत तथा क्षेत्रीय सम्मेलनहरु, संघका विभिन्न विभागहरु, समितिहरु एवं राष्ट्रिय समन्वय परिषद्का प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।

१४.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न प्रतिवेदनहरु (सांगठनिक प्रतिवेदन र आर्थिक प्रतिवेदन सहित), वार्षिक क्रियाकलापहरु र लेखा परीक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने ।

१४.७ लेखापरिक्षकको नियुक्ति गर्ने ।

१४.८ निर्वाचन समिति, अनुशासन समिति, विधान व्याख्या समितिको आवश्यकता अनुसार चयन गर्ने । कारणबस यी समितिहरुको चयन हुन संभव नभएको अवस्थामा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले चयन गर्नेछ ।

१४.९ साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को प्रमाणिकरण वार्षिक साधारण सभाको अध्यक्षता गर्ने व्यक्तिले गर्नेछ ।

**१४.१० साधारण सभाका प्रतिनिधि निम्नानुसार हुनेछन्:**

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्का वर्तमान पदाधिकारी तथा सदस्यहरु ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्का वर्तमान संरक्षक, सल्लाहकारहरु र मानार्थ परिषद् सदस्यहरु ।

(३) राष्ट्रिय समन्वय परिषद्का वर्तमान अध्यक्ष, महासचिव र कोषाध्यक्ष । साथै, प्रत्येक १ (एक) हजार पञ्जीकृत सदस्य बराबर १ (एक) प्रतिनिधि तर त्यस्ता प्रतिनिधिहरु ७ (सात) जना भन्दा बढी हुने छैनन् ।

(४) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारीहरु ।

(५) अन्तर्राष्ट्रीय कार्यकारी सचिवालयको सुझावमा अध्यक्षले मनोनित गरेका २१ (एक्काइस) जना प्रतिनिधिहरु ।

यस्ता प्रतिनिधिहरुको नामावली साधारण सभा भन्दा १५ (पन्ध्र) दिन पहिले प्रकाशन गर्नु पर्नेछ । माथिको मापदण्डमा नपरेका दफा १३.७ अनुसारका महाधिवेशन प्रतिनिधिहरु साधारण सभामा

पर्यवेक्षकको रुपमा भाग लिन सक्ने छन् तर उनीहरुको मतदाधिकार हुने छैन् । प्रतिनिधि हुन गैरआवासीय नेपालीको हैसियत कायम रही संघको पञ्जिकृत सदस्य रहेको हुनु पर्नेछ ।

१५. **संघको विशेष साधारण सभा:** अन्तर्राष्ट्रिय समन्वय परिषद्को दुई तिहाई भन्दा बढीको सहमतिमा वा वार्षिक साधारण सभाको निर्देशनमा विशेष साधारण सभा बोलाउन सकिनेछ । विशेष साधारण सभा सामान्यत निर्णय/निर्देशन गरेको ३ (तीन) महिना भित्र गर्नु पर्नेछ । विशेष साधारण सभाको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको उपाध्यक्ष मध्ये कुनै १ (एक) जनाले साधारण सभाको अध्यक्षता गर्ने गर्नेछन् तर निजको समेत अनुपस्थित भएमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको कुनै १ (एक) जनाले विशेष साधारण सभाको अध्यक्षता गर्नेछन् । विशेष साधारण सभाको सञ्चालन संघको महासचिवले गर्नेछन् तर निजको अनुपस्थित भएमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोके अनुसार उपमहासचिवहरु मध्ये कुनै १ (एक) जनाले, उपमहासचिवहरु अनुपस्थित भएमा सचिवहरु मध्ये कुनै १ (एक) जनाले र सचिवहरुको समेत अनुपस्थिति रहेमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको कुनै १ (एक) जनाले गर्नेछन् । विशेष साधारण सभाका प्रतिनिधि दफा १४.१० अनुसार हुनेछन् । विशेष साधारण सभाको सूचना र छलफलका विषयहरु १ (एक) महिना अगाडि सार्वजनिक गर्नु पर्नेछ । विशेष साधारण सभामा उपस्थिति जनाउने संख्यालाई गणपुरक संख्या मानिनेछ । विशेष साधारण सभा अनलाइन अथवा भौतिक रुपमा उपस्थित भई गर्न सकिनेछ । भौतिक रुपमा उपस्थित हुन नसक्ने प्रतिनिधिहरुको लागि अनलाइन मार्फत साधारण सभामा भाग लिन र निर्वाचनमा मतदानको व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद - ६

१६. **संरक्षक परिषद्**: संघका पुर्व अध्यक्षहरु रहेको एक संरक्षक परिषद्को व्यवस्था हुनेछ । संरक्षक नियुक्ति गर्दा सम्बन्धित व्यक्तिको स्वीकृति लिनु पर्नेछ । संरक्षक परिषद् सदस्यहरुको चयन अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी बैठकले बढिमा २ (दुई) वर्षका लागि गर्नेछ ।

१६.१ **संरक्षक परिषद्को अधिकार:**

१६.१.१ गैरआवासीय नेपाली संघको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने ।

१६.१.२ गैरआवासीय नेपाली संघको हरेक सूचनाहरु प्राप्त गर्न पाउने ।

१६.१.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्का बैठकहरुमा भाग लिन पाउने तर मतदान गर्न नपाउने र कोरमका लागि गणना नहुने ।

१६.२. **संरक्षक परिषद्को काम कर्तव्य:**

१६.२.१ संघले अवलम्बन गर्ने हरेक नीति बमोजिम कार्य सम्पादन गर्ने ।

१६.२.२ संघले अघि सारेका कार्यक्रमहरु सम्पन्न गर्न आफ्नो तर्फबाट योगदान गर्ने ।

१६.२.३ संघको अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायहरुमा वा फोरमहरुमा विविध विषयहरुका लागि संघको प्रतिनिधित्व गर्ने ।

१६.२.४ संघले तोकेका अन्य कामहरु गर्ने ।

## १७. अन्तर्राष्ट्रिय समन्वय परिषद्:

१७.१ अन्तर्राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको लागि संघको अन्तर्राष्ट्रिय समन्वय परिषद् नामक एक कार्यकारी अंग हुनेछ ।

१७.२ **अन्तर्राष्ट्रिय समन्वय परिषद् मा निम्न पदहरु हुनेछन् :**

| | |
|---|---|
| अध्यक्ष | - १ |
| उपाध्यक्ष | - ६ |
| महिला उपाध्यक्ष | - १ |
| युवा उपाध्यक्ष | - १ |
| महासचिव | - १ |
| उपमहासचिव | - २ |
| सचिव | - ६ |
| महिला सचिव | - १ |
| प्रवक्ता | - १ (अध्यक्षले चयन गर्ने ) |
| कोषाध्यक्ष | - १ |
| सह-कोषाध्यक्ष | - ३ |
| महिला सह-कोषाध्यक्ष | - १ |
| महिला संयोजक | - १ |
| युवा संयोजक | - १ |
| क्षेत्रिय संयोजक | - ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| क्षेत्रिय उपसंयोजक | - ६ (कम्तिमा) |
| क्षेत्रिय महिला संयोजक | - ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| क्षेत्रिय महिला उपसंयोजक | - ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| क्षेत्रिय युवा संयोजक | - ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| क्षेत्रिय युवा उपसंयोजक | - ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक | - १ |

प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट अनुसूचि - ७ बमोजिम निर्वाचित आइसीसी सदस्यहरु ।

विधानको दफा २२.१४.१ बमोजिम मनोनित सदस्यहरु - २१

मनोनित सदस्यहरु मध्ये कम्तिमा ७ जना महिला र ७ जना विभिन्न विषयगत विज्ञको सहभागिता हुनु पर्नेछ । २१ जना मध्ये १५ जना संघको अध्यक्षले मनोनित गर्नेछ भने बाँकी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकले मनोनित गर्नेछ ।

एशिया प्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका तथा ओसेनिया प्रत्येक क्षेत्रबाट एक जना क्षेत्रिय संयोजक र एक क्षेत्रिय उपसंयोजक निर्वाचित हुने छन् । राष्ट्रिय समन्वय परिषद्हरुको संख्या १० सम्म भएमा १ जना, १० जना भन्दा बढी २० सम्म भएमा थप १ जना आदिको क्रमले वा क्षेत्रमा पञ्जिकृत सदस्य संख्या ५ हजार भन्दा बढि भएमा प्रत्येक ५ हजार सदस्य बराबर १ जना क्षेत्रीय उपसंयोजक निर्वाचित हुनेछ तर सदस्य संख्याको आधारमा निर्वाचन हुने उपसंयोजकको संख्या ३ भन्दा बढि हुने छैन् । गैरआवासीय नेपाली संघको विधान २००३ (२०२१ संशोधन सहित) मा व्यवस्था भए बमोजिम क्षेत्रीय संयोजक एउटै देशबाट लगातार २ पटक भन्दा भन्दा बढी निर्वाचित हुन अयोग्य मानिनेछ । तर अन्य देशबाट उमेदवारी नपरेमा यो प्रावधान लागू हुने छैन ।

पदाधिकारी र सदस्यहरुको मर्यादाक्रम माथि दिईएको क्रमबद्धता अनुसार हुनेछ ।

१७.३ राष्ट्रिय समन्वय परिषद् गठन भइ सकेका मुलुकबाट पञ्जिकृत सदस्य संख्या निम्नतम् दश देखि एक हजार सम्ममा एक जना र सो भन्दा बढि पाँच हजार सम्म पञ्जिकृत सदस्य संख्या रहेमा सदस्य संख्याको अनुपात प्रत्येक एक हजार पञ्जिकृत सदस्य बराबर एक जना (१०००:१ को अनुपात) अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य पदमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशनबाट निर्वाचित हुनेछन् । पाँच हजार भन्दा बढी पञ्जिकृत सदस्य भएमा पञ्जिकृत सदस्य र अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य संख्याको अनुपात क्रमिक रुपमा २०००:१, ३०००:१, ४०००:१ को संख्याले (अनुसूची - ७ मा दिईए बमोजिम) थप हुने गरी सदस्यहरु निर्वाचित हुनेछन् ।

१७.४ विधानको दफा १७.३ बमोजिम कुनै राष्ट्रबाट अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि दुई वा सो भन्दा बढि संख्यामा सदस्य निर्वाचित हुने भएमा ती मध्येबाट एक जना सदस्यलाई सम्बन्धित राष्ट्रिय समन्वय परिषद्का गतिविधिहरुको नियमित विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद् समक्ष पेश गर्न, अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्णय तथा निर्देशनहरु राष्ट्रिय समन्वय परिषद्मा कार्यान्वयन गराउन, अन्तर्राष्ट्रिय समन्वय परिषद्का नियमित सुचनाहरु राष्ट्रिय समन्वय परिषद्मा प्रवाह गर्न राष्ट्रिय महाधिवेशनले तोक्नेछ । बाँकी अन्य अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि निर्वाचित सदस्यहरुका हकमा भने यसैमा उल्लेख गरिएका काम वाहेकका सम्पूर्ण जिम्मेवारी निर्वाह गर्नु पर्नेछ ।

Non-Resident Nepali Association NRNA Kathmandu

१७.५ **अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष, पदाधिकारी र सदस्यहरुको उम्मेदवार बन्न चाहिने योग्यता र हैसियत**: अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष, पदाधिकारी र सदस्य पदमा उम्मेदवार बन्नका लागी दफा ५ को उपदफा ५.१ अनुसारको गैरआवासीय नेपालीको हैसियत कायम भएको हुनु पर्नेछ । उम्मेदवार बन्न वा निर्वाचनमा मताधिकारका लागि दफा १३.७ अनुसार राष्ट्रिय समन्वय परिषद्वाट प्रतिनिधि छानिएको हुनु पर्नेछ । प्रतिनिधि हुनको लागि निज सम्बन्धित देशमा बसोबास गरी संघको विधान अनुसार पञ्जिकृत सदस्य लिएको हुनु पर्नेछ । कुनै पदमा निर्वाचित भईसके पछी गैरआवासीय नेपालीको हैसियत प्रमाणित नभएमा निजको पद स्वत: खारेज हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले सम्बन्धित राष्ट्रिय समन्वय परिषद् बाट सो देशमा विधानको दफा ५ को उपदफा ५.१ मा उल्लेखित भए बमोजिम दुई वर्ष भन्दा बढी बसोबास गरेको प्रमाणित हुने कागजात पेश गर्नु पर्नेछ । पेश नगरेमा निजको उम्मेदवारी स्वत: रद्द हुनेछ ।

१७.५.१ अध्यक्ष पदका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्य काल पुरा गरेको हुनु पर्नेछ ।

१७.५.२ अध्यक्ष बाहेकका अन्य पदाधिकारी पदमा उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ । तर क्षेत्रीय महिला र युवा संयोजक तथा उपसंयोजकको उम्मेदवार बन्न निजको माथि उल्लेखित योग्यता पुगेको वा राष्ट्रिय समन्वय परिषद्को सदस्य पदमा १ (एक) कार्यकाल पूरा गरेको वा कम्तिमा १ (एक) पटक अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि भएको हुनु पर्नेछ । दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजकको हकमा कुनै पनि योग्यताको आवश्यक पर्ने छैन् । तर भर्खरै गठन भएका राष्ट्रिय समन्वय परिषद्को तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा उमेदवारी दिन अयोग्य मानिनेछ ।

१७.५.३ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यका लागि उम्मेदवार बन्नका लागि नीज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको वा कम्तिमा एक पटक अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि भएको हुनु पर्नेछ । दफा २२.१४.१ अनुसार मनोनीत सदस्यहरुको हकमा भने यो दफा लागु हुने छैन ।

१७.५.४ राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय समन्वय परिषद्का कुनै पनि पदमा निर्वाचनमा पराजित उम्मेदवार वा विजयी उम्मेदवार सो कार्यकालका लागि राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय समन्वय परिषद्का अर्को कुनै पनि कार्यकारी पदमा उम्मेदवार बन्न वा मनोनित हुन अयोग्य हुनेछ ।

१७.५.५ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी वा सदस्यको हैसियतले तिर्नु पर्ने शुल्क चुक्ता नगरेका व्यक्तिहरु अन्तर्राष्ट्रिय समन्वय परिषद् वा राष्ट्रिय समन्वय परिषद्का कुनै पनि कार्यकारी पदमा उम्मेदवार बन्न वा मनोनित हुन पाउने छैनन् ।

१७.५.६ युवा उपाध्यक्ष, युवा संयोजक, क्षेत्रीय युवा संयोजक, क्षेत्रीय युवा उपसंयोजकको उम्मेदबार बन्नको लागि निज अन्तर्राष्ट्रिय महाधिवेशन शुरु भएको दिन सम्म ४० वर्ष उमेर नकाटेको हुनु पर्नेछ ।

१७.५.७ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुको उम्मेदवारी दर्ता नेपाल स्थित निर्वाचन कार्यालयमा भौतिक रुपमा उपस्थित भएर गर्नु पर्नेछ । उम्मेदवारका प्रस्तावक र समर्थक समेत भौतिक रुपमा निर्वाचन कार्यालयमा उपस्थित हुनु पर्नेछ । प्रत्येक उम्मेद्वारका २ (दुई) जना प्रस्तावक र २ (दुई) जना समर्थक अनिवार्य उपस्थित हुनु पर्नेछ । कुनै पनि प्रस्तावक वा समर्थक १ (एक) भन्दा बढी उम्मेद्वारको बस्न पाइने छैन् । हरेक राष्ट्रिय समन्वय परिषद् बाट नव निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) सदस्यहरुको सपथ ग्रहण नेपालमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का नव निर्वाचित पदाधिकारीहरुसँगै हुनेछ ।

१७.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई यस विधानको अधीनमा रही आवश्यकता अनुसार नियमावली बनाउने अधिकार हुनेछ ।

१७.७ आवश्यकता अनुसार राष्ट्रिय समन्वय परिषद्को गठन र देहायको अवस्थामा विघटन गर्न वा मान्यता (recognize) फिर्ता गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ ।

१७.७.१ स्थानीय कानूनले वर्जित गरेको हद बाहेक यस संघको उदेश्य अनुरुप अगाडि वढ्न अस्वीकार गरेमा ।

१७.७.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्देशनहरु पालना नगरेमा ।

१७.७.३ तदर्थ समिति गठन भएको बढीमा एक वर्ष भित्र राष्ट्रिय अधिवेशनको आयोजना गर्न नसकेमा ।

१७.७.४ अनुसूची - ८ मा दिईएको न्यूनतम मापदण्ड पुरा नगरेमा ।

१७.८ आवश्यकता अनुसार विभिन्न विभागहरुको गठन गर्ने, विभागहरुको नामाकरण गर्ने, विभागहरुका लागि आवश्यक नियमावली निर्माण गर्ने, आवश्यकता बमोजिम विभिन्न

Non-Resident Nepali Association * Kathmandu, Nepal *

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

समितिहरुको गठन गर्ने, पारिश्रमिक दिने वा नदिने गरी कर्मचारी नियुक्त गर्ने र तिनीहरुको तलब एवं सेवाका शर्तहरुको निर्धारण गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ । विधानमा व्यवस्था भएका विभाग र अन्य नियमित समितिहरु सामान्यतया निर्वाचन भएको तीन महिना भित्र गठन गर्नु पर्नेछ ।

१७.९ गैरआवासीय नेपाली संघलाई नेपाल र नेपालीको सर्वाङ्गिण हितमा अधिकतम योगदान पुऱ्याउन आवश्यक सल्लाह दिन सक्ने विभिन्न क्षेत्रमा विशिष्ट ज्ञान हासिल गरि सकेका नेपाली वा गैर नेपाली विशिष्ट व्यक्तित्वहरुलाई निजको दक्षताको क्षेत्र किटान गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सल्लाहकारको रुपमा नियुक्त गर्न सक्नेछ । सल्लाहकारको संख्या बढीमा २१ जनाको हुनेछ ।

१७.१० संघको चालू काम कारवाहीका सम्बन्धमा संघको दृष्टिकोण तथा धारणाहरु सार्वजनिक रुपले अभिव्यक्त गर्न एक जना प्रवक्ता अध्यक्षले नियुक्ति गर्न सक्नेछ ।

१७.११ अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई संघको राष्ट्रिय समन्वय परिषद्, सचिवालय, विभागहरु वा अन्य स्थापित निकायहरु एवं राष्ट्रिय समन्वय परिषद्को क्रियाकलापहरुलाई अनुगमन गर्ने र निर्देशनहरु जारी गर्ने अधिकार हुनेछ । तर राष्ट्रिय समन्वय परिषद्लाई आफूले प्रतिनिधित्व गरेको देशसँग सम्बन्धित विशेष परिस्थितिको उल्लेख गरेर पुनर्विचारको लागि आग्रह गर्ने अधिकार हुनेछ ।

१७.१२ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले आवश्यकता अनुसार विशेष समितिहरु गठन गर्न एवं तिनीहरुको अधिकार र कर्तव्यहरु तोक्न सक्नेछ । तर यस्ता समितिहरुले संघका अन्य अंग वा अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई विशेष रुपमा सुम्पिएका कुनै पनि कामहरु गर्ने अधिकार हुनेछैन ।

१७.१३ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विश्व सम्मेलन, संघको अन्तर्राष्ट्रिय महाधिवेशन, साधारण सभा, क्षेत्रीय सम्मेलन, विश्व विज्ञ लगायतका सम्मेलन आदि आयोजना गर्नेछ ।

१७.१४ अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदावधि दुई वर्षको हुनेछ ।

१७.१५ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको उद्देश्यमा टेवा पुऱ्याउनको लागि सहयोग गर्ने अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सहकार्य गर्ने तथा यस्तो सहयोगको लागि सम्झौता गर्न सक्नेछ ।

१७.१६ **मानार्थ परिषद् सदस्य**: गैरआवासीय नेपाली संघको अभियानमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले मानार्थ परिषद् सदस्यको रुपमा नियुक्ति गर्न सक्नेछ । मानार्थ परिषद्को सदस्य संख्या बढीमा ५१ जनाको हुनेछ । मानार्थ परिषद् सदस्यको सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिमको हुनेछ ।

**योग्यता:** मानार्थ परिषद् मा अन्तर्राष्ट्रिय समन्वय परिषद्को संरक्षक, सल्लाहकार, पदाधिकारी, सदस्य वा मानार्थ परिषद्को सदस्य वा राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष पदमा एक कार्यकाल काम गरेको हुनु पर्नेछ । यस्ता योग्यता नपुगेका तर संघलाई उल्लेखनीय योगदान दिन सक्ने व्यक्तिहरु पनि मानार्थ परिषद् सदस्य बन्न सक्नेछन तर यस्ता सदस्यहरुको संख्या बढिमा ५ प्रतिशत मात्र हुनेछ ।

**मानार्थ परिषद् सदस्यको अधिकार:**

१) गैरआवासीय नेपाली संघको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने ।

२) गैरआवासीय नेपाली संघको हरेक सूचनाहरु प्राप्त गर्न पाउने ।

३) अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई सक्रिय र जिवन्त बनाइ राख्न संरक्षक परिषद् तथा सल्लाहकार समितिले लिएका पहल कदमीमा सक्रियतापूर्वक सहयोग गर्ने ।

१८. **अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक:**

१८.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक सामान्यतया तीन महिनामा एक पटक सम्पन्न हुनेछ । बैठक आवश्यकता अनुसार व्यक्तिहरु भेला भएर वा साइवर वा भिडियो सम्मेलन मार्फत सम्पन्न गरिनेछ ।

१८.२ संघको पदाधिकारीहरुले बैठक सञ्चालनको कार्यविधि निर्धारण गर्नेछन् ।

१८.३ वैठकमा प्रत्येक राष्ट्रिय समन्वय परिषद्का अध्यक्षहरुले पर्यवेक्षकको रुपमा भाग लिन पाउने छन् ।

१९. **अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय:**

१९.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्का कामहरुलाई छिटो छरितो गरी सम्पन्न गर्न संघको एक अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय हुनेछ ।

१९.२ अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयमा अध्यक्ष, उपाध्यक्षहरु, महिला उपाध्यक्ष, युवा उपाध्यक्ष, महासचिव, उपमहासचिवहरु, सचिवहरु, महिला सचिव, प्रवक्ता, कोषाध्यक्ष, सहकोषाध्यक्ष, महिला सहकोषाध्यक्ष, महिला संयोजक र युवा संयोजक रहनेछन् ।

१९.३ तत्काल अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठक वस्न संभव नभएको तर कुनै निर्णय गर्न आवश्यक परेको अवस्थामा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले अन्तर्राष्ट्रिय महाधिवेशनबाट प्राप्त म्याण्डेट बमोजिम निर्णयहरु गर्न र सोको कार्यान्वयन गर्न सक्नेछ । अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका निर्णयहरु अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्णयहरु सरह हुनेछन् तर त्यस्ता निर्णयहरु आशन्न अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठकमा अनुमोदन गराउनु पर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठकमा अनुमोदन हुन नसकेको विषयको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठकको निर्णय बमोजिम हुनेछ ।

Non Resident Nepali Association NRNA Kathmandu, Nepal

१९(क) **क्षेत्रीय समिति**: हरेक क्षेत्रमा क्षेत्रीय समिति गठन गरिनेछ । क्षेत्रीय समिति क्षेत्रीय संयोजकको नेतृत्वमा रहने छ । यस समितिमा सम्बन्धित क्षेत्रका क्षेत्रीय उपसंयोजकहरु, क्षेत्रीय महिला संयोजक तथा उपंयोजक, क्षेत्रीय युवा संयोजक, उपसंयोजक, क्षेत्रीय सचिव, सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरु र राष्ट्रिय समन्वय परिषद् अध्यक्षहरु रहने छन् । क्षेत्रीय संयोजकको सिफारिसमा क्षेत्रीय समितिले सम्बन्धित क्षेत्रको अन्तर्राष्ट्रिय समन्वय परिषद् पदाधिकारी वा सदस्यहरुबाट एकजना सदस्य सचिव मनोनित गर्नेछ । राष्ट्रिय समन्वय परिषद् महासचिब सो समितिमा आमन्त्रीत रुपमा रहनेछ । क्षेत्रिय समितिले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले उठान गरेका विषयहरु, आफ्नो क्षेत्रमा रहेका राष्ट्रिय समन्वय परिषद्ले गरेका गतिविधिहरुलाई सहजिकरण साथै अनुगमन, निरिक्षण, सुझाव र समस्यामा परेका नेपालीहरुलाई सहयोग गर्ने अलावा अन्य सरोकारका विषयमा काम गर्नेछन् । क्षेत्रीय समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक भौतिक वा अनलाइन मार्फत गर्न सकिनेछ ।

२०. **सचिवालय:**

२०.१ संघको दैनिक कार्यहरु सञ्चालन गर्न संघको सचिवालय नेपालको काठमाण्डौमा रहनेछ ।

२०.२ सचिवालयमा आवश्यकता अनुसार संघको कर्मचारी नियमावली अन्तर्गत रही अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले संघलाई आवश्यक कर्मचारीहरुको नियुक्त गर्न वा नियुक्त कर्मचारीहरुलाई सेवाबाट हटाउन सक्नेछ । तर नियुक्त कर्मचारी मध्ये संघको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति करार सेवामा हुनेछ ।

२०.३ संघको सचिवालय अन्तर्राष्ट्रिय समन्वय परिषद्को नीति तथा निर्देशन अनुरुप चल्ने छ ।

२०.४ प्रमुख कार्यकारी अधिकृतले अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा भाग लिन सक्नेछ । तर उसलाई मताधिकार हुने छैन ।

२०.५ संघको अध्यक्षले आफूले गर्नुपर्ने वा कार्य समितिको तर्फबाट गर्नु पर्ने प्रशासकीय कामको केही जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतलाई सुम्पिन सक्नेछ ।

२०.६ **एनआरएनए पोलिसि इन्स्टीच्युट (NRNA Policy Institute)**: संघका सदस्यहरु अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न संघ संस्थामा कार्य अनुभव हासिल गरेका अत्यन्तै योग्य श्रोत व्यक्तिको अनुभव, योग्यता, तथा क्षमताको भरपुर उपयोग गरी नेपाल, गैरआवासीय नेपाली समेतलाई आर्थिक, सामाजिक, व्यापारिक, औद्योगिक, अन्तर्राष्ट्रिय परिप्रेक्ष, विदेश तथा कुटनीतिक क्षेत्र, असल शासन, वातावरण, कृषि, पर्यटन तथा जैविक विविधता क्षेत्र लगायत यस्तै विभिन्न उपयोगि तथा आवश्यक क्षेत्रमा योगदान दिने प्रायोजनको लागि एक अन्तर्राष्ट्रिय स्तरको एनआरएनए (Policy Institute) नेपाल भित्र वा विश्वको कुनै अन्य उपयुक्त देशमा स्थापना गरिनेछ । ईन्स्टीच्युट सम्बन्धी व्यवस्था, गठन, काम, कर्तव्य र अधिकार, शर्तहरु सचिवालय सम्बन्धि व्यवस्था तथा कर्मचारीको नियुक्ति तथा सेवाका शर्तहरु छुट्टै नियमावली **"एनआरएनए पोलिसि इन्स्टीच्युट सम्बन्धी नियमावली"**

बनाई संचालन गरिनेछ । उक्त नियमावली यस विधानको अधिनमा रहने छ र अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरी तोकेको मिति देखी लागु हुनेछ ।

२०.७ **एनआरएनए पेशागत तथा प्राज्ञिक इकाइ (NRNA Professional and Academic Unit)**: संसारभरी छरिएर रहेका पेशागत गैरआवासीय नेपालीहरु (डाक्टर, नर्स, ईन्जिनिएर्स, वैज्ञानिक, प्राज्ञ, सोधकर्ता आदि) समेटी एक पेशागत तथा प्राज्ञिक इकाइ गठन गरिनेछ । यस परिषद्को मुख्य उद्देश्य उनीहरुले सिकेको ज्ञान, सिप, प्रविधि र विज्ञतालाई नेपाल र गैरआवासीय नेपालीको हक हितका लागि उपयोग गर्ने रहनेछ । पेशागत तथा प्राज्ञिक इकाइ गठन प्रकृया, सदस्यता, काम, कर्तब्य र अधिकार पेशागत तथा प्राज्ञिक इकाइको नियमावली अनुसार हुनेछ । यस इकाइले ज्ञान सिप र नवप्रवर्तन विभागको अन्तर्गत रहेर कार्य गर्नेछ । यस इकाइको सदस्य भएको हैसियतले मात्र संघको निर्वाचन प्रक्रिया, महाधिवेशन प्रतिनिधि एवं उमेदवारीका लागि प्राथमिकता रहने छैन । यस इकाइको अन्तर्राष्ट्रिय समन्वय परिषद्मा संघका ज्ञान सीप र नवप्रवर्तन विभाग हेर्ने उपाध्यक्ष मार्फत प्रतिनिधित्व हुनेछ ।

२१. **निर्वाचन कार्यविधि:**

२१.१ देहाय बमोजिम निर्वाचन सम्पन्न गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचन हुनु भन्दा कम्तिमा तीन महिना पहिले एक जना निर्वाचन आयुक्त सहित बढिमा सात जना सदस्यहरु रहेको निर्वाचन समिति गठन गर्नेछ । निर्वाचनको कार्य सम्पादन "**निर्वाचन सम्बन्धी नियमावली**" मा उल्लेख भए बमोजिम हुनेछ ।

२१.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुको निर्वाचन महाधिवेशनमा उपस्थित सम्पूर्ण अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरुबाट हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु सम्बन्धित राष्ट्रको राष्ट्रिय महाधिवेशनले निर्वाचित गर्नेछ । क्षेत्रीय संयोजक, क्षेत्रीय उपसंयोजक, क्षेत्रीय महिला उपसंयोजक र क्षेत्रीय युवा उपसंयोजकहरुको निर्वाचन सम्बन्धित क्षेत्रका महाधिवेशन प्रतिनिधिहरुबाट मात्रै हुनेछ ।

२१.३ संघको अध्यक्ष वा पदाधिकारी सोही पदमा लगातार दुई पदावधि भन्दा बढी पदावधिको लागि पुन: निर्वाचित हुन योग्य हुने छैन ।

२१.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुको पद आकस्मिक रुपमा रिक्त भएमा सो रिक्त पदमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अर्को बाँकी कार्य अवधिका लागि पदपूर्ति गर्न सक्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुको हकमा भने सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को निर्णय बमोजिम हुनेछ ।

२१.५ संघको विधानको दफा २१.४ बमोजिम पद पुर्ती गर्दा अध्यक्षको हकमा ८ (आठ) जना उपाध्यक्ष मध्येबाट हुनेछ ।

२१.६ कुनै एक व्यक्तिले एक समयमा राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को एक पद मात्र ग्रहण गर्न सक्नेछ । कुनै पदमा बहालवाला व्यक्तिले राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को अर्को कुनै पदमा उम्मेदवारी दिएमा निजको बहाल रहेको पद स्वत: रिक्त हुनेछ ।

२१.७ अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि छनोटको प्रकृया शुरु भए पछि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचनमा प्रभाव पार्नेगरी कुनै नियमावलीहरु परिवर्तन वा परिमार्जन गर्न पाईने छैन ।

२१.८ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचनको मुल्यांकनको लागि बढीमा ५ सदस्यीय निर्वाचन अनुगमन समिति गठन गर्न सक्नेछ । यस समितिमा संघमा नेतृत्वदायी भूमिका निर्वाह गरि सकेका वा अभियानमा उल्लेखनीय योगदान दिएका मध्येबाट चयन गरिनेछ । यो समितिको गठन निर्वाचन भन्दा कम्तिमा ७ दिन अगाडि गर्नु पर्नेछ ।

२१.९ संघको सदस्यता वितरण, प्रतिनिधि छनोट तथा निर्वाचन लगायत विविध विषयमा विवाद आएमा समाधान गर्न आवश्यकतानुसार १ (एक) न्यायीक आयोग गठन गर्न सकिनेछ । यस आयोगले **"न्यायिक आयोग सम्बन्धी नियमावली"** अनुसार कार्यसम्पादन गर्नेछ ।

२१.१० निर्वाचन अनलाइन अथवा भौतिक रुपमा उपस्थित भई गर्न सकिनेछ । भौतिक रुपमा उपस्थित हुन नसक्ने प्रतिनिधिहरुको लागि अनलाइन मार्फत निर्वाचनमा मतदानको व्यवस्था गर्नु पर्नेछ ।

## २२. अन्तर्राष्ट्रिय परिषद्का पदाधिकारीहरु र सदस्यहरुको काम, कर्तव्य र अधिकारहरु:

### २२.१ अध्यक्ष:

२२.१.१ संघको नेतृत्वदायी भूमिका निर्वाह गर्ने तथा संघको तर्फबाट प्रतिनिधित्व गर्ने ।

२२.१.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्, विश्व सम्मेलन र महाधिवेशनको खुला सत्रको अध्यक्षता गर्ने ।

२२.१.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अन्यथा व्यवस्था गरेकोमा बाहेक विभिन्न विभाग तथा समितिका सदस्यहरुको नियुक्ति गर्ने ।

२२.१.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य काम कर्तव्यहरु पूरा गर्ने ।

२२.१.५ कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने ।

२२.१.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी सदस्यहरुको जिम्मेवारी तोक्ने ।

२२.१.७ क्षेत्रीय संयोजकहरु मार्फत सम्बन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

Non Resident Nepali Association
NRNA
Kathmandu, Nepal

२२.१.८ संघको तर्फबाट विभिन्न संस्थाहरुसँग गरिने सम्झौतामा हस्ताक्षर गर्ने ।

२२.१.९ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.२ **उपाध्यक्ष:** दफा १७.२ मा उल्लेख भए बमोजिम ८ जना उपाध्यक्षहरुले वैदेशिक रोजगार विभाग, व्यापार तथा लगानी विभाग, मानव कल्याण विभाग, ज्ञान सिप र नवप्रवर्तन विभाग, नेपाल प्रवर्धन विभाग, गैरआवासीय नेपाली हक हित विभाग, महिला र युवा विभागको नेतृत्व गर्ने छन् । अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरु र सम्बन्धित क्षेत्रमा अनुभव भएका र उल्लेख्य योगदान दिन सक्ने व्यक्तिहरु आफ्नो दक्षता अनुसार विभागका सदस्यहरु हुनेछन् । विभाग अन्तर्गत विभिन्न समिति, उपसमिति र कार्यदलहरु बन्ने छन् ।

२२.२.१ संघको नेतृत्वका लागि आवश्यकता अनुसार अध्यक्षलाई सहयोग गर्ने ।

२२.२.२ अध्यक्षको अनुपस्थितीमा अध्यक्ष वा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिमका कार्यहरु गर्ने ।

२२.२.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य काम कर्तव्यहरु पूरा गर्ने ।

२२.२.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरु र सम्बन्धित क्षेत्रमा अनुभव भएका र उल्लेख्य योगदान दिनसक्ने ब्यक्तिहरु आफ्नो दक्षता अनुसार विभागका सदस्यहरु हुनेछन् । विभाग अन्तर्गत विभिन्न समिति, उपसमिति र कार्यदलहरु बन्ने छन् ।

२२.३ **महासचिव:**

२२.३.१ संघ र अन्तर्राष्ट्रिय समन्वय परिषद्को सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने ।

२२.३.२ अन्तर्राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन वा अन्तर्राष्ट्रिय समन्वय परिषद्का वैठकहरुको सञ्चालन गर्ने र वैठकका निर्णयहरुको अभिलेख राख्ने ।

२२.३.३ संघको अभिलेख राख्ने र क्षेत्रीय संयोजकहरु मार्फत राष्ट्रिय समन्वय परिषद्हरुलाई पत्राचार गर्ने ।

२२.३.४ महासचिवको सांगठनिक प्रगति प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुन ७ (सात) दिन अगावै राष्ट्रिय समन्वय परिषद्मा छलफलका लागि पठाउने ।

२२.३.५ संघ वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले वा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.३.६ संघका सचिवालयका कर्मचारीहरुको कार्य अनुगमन गर्ने ।

२२.३.७ राष्ट्रिय समन्वय परिषद्हरु र अन्तर्राष्ट्रिय समन्वय परिषद् अन्तर्गत बन्ने समिति, कार्यदलहरु विच समन्वय गर्ने ।

२२.३.८ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.३.९ संगठन विभागको नेतृत्व गर्ने ।

२२.३(क) उपमहासचिव:

(१)आवश्यकता बमोजिम महासचिवलाई सहयोग गर्ने ।

(२)महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमको कार्य गर्ने ।

(३)तोकिएका अन्य कार्यहरु गर्ने ।

(४)अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.४ **सचिव:** सचिवहरुको कार्य विभाजन अध्यक्षको परामर्शमा महासचिवले गर्नेछ ।

२२.४.१ आवश्यकता अनुसार उपमहासचिवलाई सहयोग गर्ने ।

२२.४.२ उपमहासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने ।

२२.४.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.४.४ तोकिएको क्षेत्रीय समितिको अनुगमन, सहजीकरण तथा नियमित काम कारबाहीको जिम्मेबारी लिने ।

२२.५ **कोषाध्यक्ष:**

२२.५.१ संघको कोष प्राप्त गर्ने र जिम्मामा लिने । कोष विभागको नेतृत्व गर्ने ।

२२.५.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्देशन र संघको नियम बमोजिम कोषको निकासा एवं लगानी गर्ने ।

२२.५.३ संघको विविध कोष अभिबृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने ।

२२.५.४ अन्तर्राष्ट्रिय महाधिवेशन र अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनकालागि श्रोत साधनको परिचालन सम्बन्धि विवरण तयार गरि प्रस्ताव गर्ने ।

२२.५.५ अन्तर्राष्ट्रिय महाधिवेशनमा वा क्षेत्रीय सम्मेलनमा वा अन्तर्राष्ट्रिय समन्वय परिषद्का वैठकहरुमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित वजेट तयार गरि प्रस्तुत गर्ने ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

Non Resident Nepali Association
NRNA
Kathmandu, Nepal

२२.५.६ राष्ट्रिय समन्वय परिषद्को कोष व्यवस्थापन र अभिलेख रखाईमा अन्तर्राष्ट्रिय समन्वय परिषद्सँग एक रुपता कायम गर्न आवश्यक सहयोग गर्ने ।

२२.५.७ सचिवालयमा नियुक्त लेखा अधिकृतलाई आवश्यकता अनुसार नीति निर्देशन गर्ने, आवश्यकता बमोजिम मासिक प्रतिवेदन, वार्षिक लेखा प्रतिवेदन तयार गर्ने एवं दफा २७ बमोजिम नियुक्त लेखापरीक्षकद्वारा लेखापरीक्षण गराउने ।

२२.५.८ अर्धवार्षिक विवरण सम्पूर्ण अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी, सदस्यहरु तथा राष्ट्रिय समन्वय परिषद्हरुलाई उपलव्ध गराउने ।

२२.५.९ अन्तर्राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुन ७ (सात) दिन अगावै राष्ट्रिय समन्वय परिषद्हरुमा पठाउने ।

२२.५.१० अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने

२२.५.११ **सह-कोषाध्यक्ष :**

क) आवश्यकता अनुसार कोषाध्यक्षलाई सहयोग गर्ने ।

ख) कोषाध्यक्षको अनुपस्थितिमा निजले तोके बमोजिमका कोष सम्बन्धी कार्यहरु गर्ने ।

ग) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

२२.६ **प्रवक्ता:**

२२.६.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्को काम कारवाहीका सम्बन्धमा संघको दृष्टिकोण सार्वजनिक गर्ने ।

२२.६.२ अन्तर्राष्ट्रिय समन्वय परिषद् र सञ्चार माध्यम वीच समन्वय गर्ने ।

२२.६.३ संघको गतिविधि बारे समय समयमा विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने ।

२२.६.४ संघको अध्यक्ष वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले वा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.६.५ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

Non Resident Nepali Association NRNA Kathmandu, Nepal

२२.७ **महिला संयोजक:**

२२.७.१ विश्व भरिका गैरआवासीय महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि उनीहरुको सामूहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

२२.७.२ राष्ट्रिय समन्वय परिषद्मा मनोनित महिला संयोजकहरुलाई संयोजन गर्ने, आवधिक विवरण लिने, महिलाहरुसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्न आवश्यक सहयोग गर्ने ।

२२.७.३ राष्ट्रिय समन्वय परिषद्को मातहतमा रही सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को महिला संयोजकको अगुवाईमा विभिन्न मुलुकहरुमा गैरआवासीय नेपाली महिलाको साझा सञ्जाल स्थापना गर्न सहयोग गर्ने ।

२२.७.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्का बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद् समक्ष महिला गतिविधि सम्बन्धित आवधिक विवरण प्रस्तुत गर्ने ।

२२.७.५ अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्णयहरु विभिन्न राष्ट्रिय समन्वय परिषद् मातहत गठित महिला सञ्जालमा कार्यान्वयन गराउने ।

२२.७.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.७.७ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.८ **युवा संयोजक:**

२२.८.१ विश्व भरिका गैरआवासीय युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि युवाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

२२.८.२ राष्ट्रिय समन्वय परिषद् मा मनोनित युवा संयोजकहरुलाई संयोजन गर्ने, आवधिक विवरण लिने, युवासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु तयगर्न आवश्यक सहयोग गर्ने ।

२२.८.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्का बैठकहरुमा भाग लिने, आइसीसी समक्ष युवा गतिविधिहरुको आवधिक विवरण प्रस्तुत गर्ने ।

२२.८.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्णयहरु सम्बन्धित क्षेत्रमा कार्यान्वयन गराउने ।

२२.८.५ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.८.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.९ **क्षेत्रीय संयोजक:**

२२.९.१ विधानको दफा १७.२ बमोजिम निर्वाचित क्षेत्रीय संयोजक सम्बन्धित क्षेत्रको प्रमुखको हैसियतले कार्य गर्ने ।

२२.९.२ सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषद्का गतिविधिहरु सम्बन्धित मुलुकबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुबाट जानकारी लिने ।

२२.९.३ आवश्यकता अनुसार क्षेत्रीय वैठक बोलाउने । त्यस्ता वैठकहरुको अध्यक्षता गर्ने ।

२२.९.४ सम्बन्धित क्षेत्रको गतिविधिहरुको अर्धवार्षिक विवरण अध्यक्ष समक्ष पेश गर्ने ।

२२.९.५ अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्णयहरु कार्यान्वयन गर्न गराउन सम्वन्धित सदस्यहरुलाई निर्देशन जारी गर्ने ।

२२.९.६ संघको क्षेत्रीय सम्मेलनको आयोजनाका लागि तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकबाट पारित गरिनु पर्ने विभिन्न विषयसँग सम्बन्धित प्रस्तावहरु पेश गर्ने ।

२२.९.७ सम्बन्धित क्षेत्रमा राष्ट्रिय समन्वय परिषद्हरु गठन गर्ने र राष्ट्रिय समन्वय परिषद्हरु बीच संयोजन गर्ने ।

२२.९.८ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१० **क्षेत्रीय उपसंयोजक:**

२२.१०.१ आवश्यकता बमोजिम क्षेत्रीय संयोजकलाई सहयोग गर्ने ।

२२.१०.२ संयोजकको अनुपस्थितिमा निजले तोके बमोजिमको कार्य गर्ने ।

२२.१०.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.११ **क्षेत्रीय महिला संयोजक:**

२२.११.१ आवश्यकता बमोजिम महिला संयोजकलाई सहयोग गर्ने ।

२२.११.२ महिला संयोजकको अनुपस्थितिमा निजले तोके बमोजिमको कार्य गर्ने ।

२२.११.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

२२.११.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.११ क **क्षेत्रीय महिला उपसंयोजक:**

१. आवश्यकता बमोजिम क्षेत्रीय महिला संयोजकलाई सहयोग गर्ने ।

२. क्षेत्रीय महिला संयोजकको अनुपस्थितिमा निजले तोके बमोजिमको कार्य गर्ने ।

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

Non Resident Nepali Association NRNA Kathmandu, Nepal

३. तोकिएका अन्य कार्यहरु गर्ने ।

४. अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१२ **क्षेत्रीय युवा संयोजक:**

२२.१२.१ आवश्यकता बमोजिम यूवा संयोजकलाई सहयोग गर्ने ।

२२.१२.२ यूवा संयोजकको अनुपस्थितिमा निजले तोके बमोजिमको कार्य गर्ने ।

२२.१२.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

२२.१२.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१२ क **क्षेत्रीय युवा उपसंयोजक:**

१. आवश्यकता बमोजिम क्षेत्रीय युवा संयोजकलाई सहयोग गर्ने ।

२. क्षेत्रीय युवा संयोजकको अनुपस्थितिमा निजले तोके बमोजिमको कार्य गर्ने ।

३. तोकिएका अन्य कार्यहरु गर्ने ।

४. अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१३ **सदस्य:**

२२.१३.१ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यले आफूले प्रतिनिधित्व गरेको देशको राष्ट्रिय समन्वय परिषद्को प्रतिनिधित्व गर्ने ।

२२.१३.२ राष्ट्रिय समन्वय परिषद् बाट सञ्चालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका सम्बन्धमा आफ्नो राय सहित सम्बन्धित क्षेत्रीय संयोजक समक्ष अर्धवार्षिक कार्य विवरण पेश गर्ने ।

२२.१३.३. सम्बन्धित क्षेत्रीय संयोजको निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

२२.१३.४ सम्बन्धित मुलुकमा सम्पन्न गरिनु पर्ने कार्यहरुको संयोजन सहित विभिन्न प्रस्ताव गर्ने ।

२२.१३.५ राष्ट्रिय समन्वय परिषद्को बैठकमा भाग लिने ।

२२.१३.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा भाग लिने ।

२२.१३.७ अन्तर्राष्ट्रिय समन्वय परिषद् बाट पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

२२.१३.८ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेको विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१४ **मनोनीत सदस्य:**

२२.१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले कम्तीमा सात जना महिला प्रतिनिधि सहित बढीमा एक्काईस जना सम्म मनोनीत सदस्यहरु निश्चित समयावधिको

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

Non-Resident Nepali Association
NRNA
Kathmandu, Nepal

लागि मनोनीत गर्न सक्नेछ । यी सदस्यहरुको पदावधि परिषद्को पदावधि समाप्त भए पछि स्वत: समाप्त हुनेछ ।

२२.१४.२ विधानको दफा २२.१३ बमोजिम विभिन्न विषयहरुमा संघको केन्द्रीय तहमा रही योगदान गर्न सक्ने व्यक्तिहरुको रुपमा मनोनीत अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिमका जिम्मेवारीहरु पूरा गर्ने ।

२२.१५ निर्वाचित तथा मनोनित भएका अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरुले तोकेको सदस्यता शुल्क शपथ ग्रहण भन्दा पहिले बुझाउनु पर्नेछ । तर निर्वाचित वा मनोनित भएको ४५ दिन भित्र शुल्क नबुझाए सो पद स्वत: खारेज हुनेछ ।

२२.१६ **दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक:**

२२.१६.१ दोश्रो पुस्ताका गैरआवासीय नेपालीको हक हितका सम्बन्धमा आवश्यक कार्यहरु गर्ने ।

२२.१६.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.१६.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

## परिच्छेद - ७

२३. **राष्ट्रिय समन्वय परिषद्:**

२३.१ घटीमा दश जना गैरआवासीय नेपालीहरु बसोबास गरेको देशमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको नियमावली अनुसार राष्ट्रिय समन्वय परिषद्को स्थापना गर्न सकिने छ ।

२३.२ यो विधानको वृहत संरचना भित्र रहेर आफू बसोबास गर्ने मुलुकको स्थानीय कानून बमोजिम राष्ट्रिय समन्वय परिषद्को दर्ता गरिनेछ ।

२३.३ राष्ट्रिय समन्वय परिषद्को ढाँचा देहाय बमोजिमको हुनु पर्नेछ:

अध्यक्ष
उपाध्यक्ष
महासचिव
सचिव
कोषाध्यक्ष
सहकोषाध्यक्ष
प्रवक्ता

महिला प्रतिनिधि
युवा प्रतिनिधि
निर्वाचित सदस्यहरु
मनोनित सदस्यहरु

२३.४ सम्वन्धित राष्ट्रिय समन्वय परिषद् भएको मुलुकको भू-राजनैतिक अवस्था तथा आवश्यकता अनुसार पदाधिकारी तथा सदस्यहरुको संख्या राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गर्नेछ । राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको सदस्य संख्या मध्ये आवश्यकता अनुसार मनोनीत सदस्यहरुको संख्या तोक्न सक्नेछ । मनोनित सदस्यहरुको संख्या निर्वाचित सदस्य संख्याको बढीमा एक चौंथाई रहने छ । राष्ट्रिय समन्वय परिषद् सदस्यहरुबाट एक महिला र एक युवा प्रतिनिधी अनिवार्य रुपमा छनोट गर्नु पर्नेछ । यस्ता प्रतिनिधी सदस्यहरुको हैसियत राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी सरह हुनेछ । राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी भन्नाले सदस्य बाहेकका माथि उल्लेखित पदहरुलाई बुझिने छ ।

२३.५ यो विधानको अधीनमा रही समस्त संघको उद्देश्यहरु र लक्ष्य अनुरुप सम्बन्धित मुलुकसँग सम्बद्ध रहेका विषयमा राष्ट्रिय समन्वय परिषद्ले अधिकतम स्वायत्तताको उपभोग गर्नेछ ।

२३.६ यो विधानका दफाहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्सँग सम्बन्धित नियमहरु र तिनीहरुमा आवश्यकता अनुसार बेला बेलामा गरिएका परिवर्तनहरु राष्ट्रिय समन्वय परिषद्को क्रियाकलापमा लागू हुनेछन् ।

२३.७. राष्ट्रिय समन्वय परिषद्को लेटरहेड, सपथ, कार्यालयको छाप, सदस्यको परिचयपत्र र प्रतिक चिन्ह तोकिए बमोजिम हुनेछ ।

२३.८ राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय अधिवेशनबाट पारित आफ्नो छुट्टै विधान हुनेछ तर राष्ट्रिय समन्वय परिषद्को विधान संघको विधानसँग बांझिएमा संघको यो विधान बमोजिम हुनेछ ।

२३.९ राष्ट्रिय समन्वय परिषद्को पदावधि २ वर्षको हुनेछ ।

२३.१० राष्ट्रिय अधिवेशन अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको नियमावली र आचारसंहिता अनुसार सम्पन्न हुनु पर्नेछ ।

२३.११ राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष पदमा उम्मेदवार बन्न निज राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य वा पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनु पर्नेछ । तर कम्तिमा ३ कार्यकाल पुरा नगरेका राष्ट्रिय समन्वय परिषद्को हकमा यस्तो योग्यताको आवश्यकता पर्ने छैन् ।

२३.१२ राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष वा पदाधिकारी सोही पदमा लगातार दुई पदावधि भन्दा बढी पदावधिको लागि पुन: निर्वाचित हुन योग्य हुने छैन् ।

२४. **राष्ट्रिय महाधिवेशन:**

२४.१ प्रत्येक राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन आयोजना हुने वर्षको जुलाई महिनाको १ देखि ३१ तारिख सम्ममा अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ । दफा १३.७ मा उल्लेखित अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरुको तोकिएको विवरण अगष्ट ३१ सम्म अन्तर्राष्ट्रिय समन्वय परिषद्को सचिवालयमा पेश गर्नु पर्नेछ । बिशेष कारणबस अन्तर्राष्ट्रिय महाधिवेशन तोकिएको समयमा सम्पन्न हुन नसकेमा सोही अनुसारको समयान्तरमा राष्ट्रिय महाधिवेशन आयोजना गर्न सकिनेछ । राष्ट्रिय महाधिवेशनले दफा १७.३ अनुसारको अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि देशको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्नेछ ।

२४.२ राष्ट्रिय महाधिवेशन दुई वर्षमा एक पटक सम्पन्न हुनेछ ।

२४.३ संघका पञ्जिकृत सदस्यहरुलाई आफू बसोबास गर्ने देशको राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ ।

२४.४ राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषद्मा सम्बन्धित देशको प्रतिनिधित्व गर्नका लागि अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुने गरि पञ्जिकृत सदस्यहरु मध्येबाट अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्नेछ ।

२५. **राष्ट्रिय समन्वय परिषद्को अधिकार र कर्तव्य:**

२५.१ राष्ट्रिय समन्वय परिषद्ले संघको पञ्जिकृत सदस्यता सम्बन्धित मुलुक भित्रका गैरआवासीय नेपालीहरुलाई जारी गर्ने अधिकार हुनेछ ।

२५.२ राष्ट्रिय समन्वय परिषद्लाई संघको विधानको वृहत संरचना भित्र रही क्षेत्रीय वा शाखा समितिहरु गठन गर्ने, विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्ने अधिकार हुनेछ ।

२५.३ राष्ट्रिय समन्वय परिषद्लाई संघको भावना विपरीत कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषद्को विधानको उल्लंघन गर्ने सम्बन्धित राष्ट्रिय समन्वय परिषद् मा पञ्जिकृत कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निस्काशन गर्ने अधिकार हुनेछ । यस प्रकार निस्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाईको अवसर दिइनेछ र राष्ट्रिय समन्वय परिषद्को निर्णय उपर निर्णय भएको मितिले तीस दिन भित्र सम्बन्धित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषद् मा उजूरी गर्न सक्नेछन् र अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्णय अन्तिम हुनेछ ।

२५.४ राष्ट्रिय समन्वय परिषद्ले आफुले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको अर्धवार्षिक विवरण क्षेत्रीय संयोजक समक्ष पेश गर्नु पर्नेछ ।

२५.५ राष्ट्रिय समन्वय परिषद्लाई राष्ट्रिय अधिवेशनका लागि दर्ता शुल्क तोक्ने अधिकार हुनेछ ।

२५.६ राष्ट्रिय समन्वय परिषद्‌ले पञ्जिकृत सदस्यहरुको विवरण र सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्‌ले तोकेको मिति भित्र संघको सचिवालयमा पठाउनु पर्नेछ ।

२५.७ राष्ट्रिय समन्वय परिषद्‌ले संघको अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता भएका पञ्जिकृत सदस्यहरुको अभिलेख कायम गर्नेछ र दर्ता विवरण संघको सचिवालयलाई पठाउनु पर्नेछ ।

## परिच्छेद - ८

२६. **संघका कोषहरु:**

२६.१ संघको कोषमा निम्न अनुसार रकमहरु सामेल हुनेछन्:

(क) पञ्जिकृत सदस्यता शुल्क ।

(ख) आइसीसी सदस्यता शुल्क तथा लेवी ।

(ग) संघको चल, अचल सम्पत्तिबाट आर्जित रकम ।

(घ) संघको कुनै प्रकारको सम्पत्ति वा वस्तू बिक्रीबाट प्राप्त रकम ।

(ङ) विभिन्न स्वदेशी तथा विदेशी व्यक्तिहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठित संघ संस्थाहरु र सरकारी/गैरसरकारी निकायहरुबाट प्राप्त अनुदान रकम ।

(च) राष्ट्रिय समन्वय परिषद् बाट प्राप्त अनुदान रकम ।

(छ) दीर्घकालीन आर्थिक स्थायित्वको लागि संघको बचत वा स्थायी कोषबाट सामाजिक तथा गैरनाफामुलक कार्यमा लगानी गरी प्राप्त हुने आम्दानी ।

(ज) संघले विभिन्न संस्थागत लोयल्टी कार्यक्रम (Loyalty program) र रोयल्टी कार्यक्रम (Royalty program) बाट प्राप्त हुने आम्दानी ।

(झ) Skilled Volunteering, Time Donation तथा बौद्धिक लगानी मार्फत प्राप्त हुने रकम ।

(ञ) विभिन्न सङ्गठीत संस्थाबाट उपलब्ध हुनसक्ने संस्थागत समाजिक उत्तरदायित्व र व्यवसायिक सामाजिक जिम्मेवारीका लागि छुट्टायाएको रकम ।

(ट) प्रचलित कानून अनुसार सामाजिक सञ्जाल मार्फत एवं अनलाइन गतिविधिहरु (जस्तै युटुब) बाट प्राप्त हुने रकम ।

(ठ) संघको विभिन्न क्रियाकलापहरुबाट प्राप्त हुने रकमहरु ।

(ड) अन्य जुनसुकै स्रोतबाट प्राप्त हुने रकम वा अन्य विविध आम्दानी ।

२६.२ संघको लागि प्राप्त हुने सम्पूर्ण कोषको रकमहरुको व्यवस्थापन कोषाध्यक्षले अन्तर्राष्ट्रिय समन्वय परिषद्‌को निगरानिमा गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्‌लाई संघको हित हुने गरी कोषको रकमहरुको खर्चलाई नियन्त्रण गर्ने वा स्वीकृति दिने अधिकार हुनेछ ।

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

Non-Resident Nepali Association Kathmandu, Nepal

२६.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको आफ्नो नामको बैंक खातामा रकमहरु राख्नेछ र अध्यक्ष तथा कोषाध्यक्ष वा अध्यक्ष र कोषाध्यक्षले मनोनित गरेका आ-आफ्ना प्रतिनिधिहरु दुई जनाको हस्ताक्षर बाट सञ्चालन हुनेछ । अध्यक्ष वा कोषाध्यक्ष आफ्ना प्रतिनिधिहरुले गरेका सम्पूर्ण कामका लागि जिम्मेवार हुनेछन् ।

२६.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विभिन्न उद्देश्यहरुका लागि देहाय बमोजिमका कोषहरु स्थापना गर्न सक्नेछ ।

२६.४.१ **साधारण कोष:** अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सम्पूर्ण खर्च पूर्ति गर्नको लागि एक साधारण कोष स्थापना गर्नेछ । यस कोष अन्तर्गत पञ्जिकृत सदस्यता शुल्क, संघको प्रकाशनबाट प्राप्त हुने रकम, अन्तर्राष्ट्रिय समन्वय परिषद् वा राष्ट्रिय समन्वय परिषद्ले विभिन्न क्रियाकलाप आयोजना गरी उठाएको रकम र अनुदान रकमहरु पर्नेछन् ।

२६.४.२ **सामाजिक कल्याण कोष:** अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विशेष प्रकारका मानवीय कल्याणका परियोजना सञ्चालन गर्नको लागि एउटा सामाजिक कल्याण कोष स्थापना गर्न सक्नेछ । कुनै संघ, संस्था, कम्पनी वा अन्य निकाय र व्यक्तिगत रुपबाट प्राप्त अनुदान रकम नै यस कोषको श्रोत हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले परियोजनाको अनुगमन गर्न एक विशेष समिति गठन गर्न सक्नेछ ।

२६.४.३ **अन्य कोषहरु:** संघको उद्देश्य प्राप्त गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले आवश्यक ठानेमा अन्य विभिन्न कोषहरु स्थापना गर्न सक्नेछ ।

२६.५ **गैरआवासीय नेपाली फाउण्डेसन (NRN Foundation)**: संघले एक अन्तर्राष्ट्रिय स्तरको एनआरएन फाउण्डेशन नेपाल भित्र वा विश्वको अन्य कुनै उपयुक्त देशमा स्थापना गर्नेछ ।

२६.५.१ **कोषको मुख्य उद्देश्य**: प्राकृतिक प्रकोप, नेपालको विभिन्न विकास आयोजनाहरुको निर्माण, शिक्षा, स्वास्थ्य, चिकित्सा क्षेत्रमा सहयोग, मठमन्दिर, प्राचिन स्मारकहरुको मर्मत तथा जिर्णोद्धार, कला तथा संगीत क्षेत्रमा सहयोग, बैज्ञानिकहरुको क्षमता बृद्धि, अन्तर्राष्ट्रिय स्तरको खेलकुद विकासमा सहयोग, गैरआवासीय नेपालीहरुको उत्थान, विपत व्यवस्थापन तथा अन्तर्राष्ट्रिय महाधिवेशनले तोकेको अन्य क्षेत्रहरुमा सहयोग गर्ने गराउने ।

२६.५.२ **संचालक समिति:** गैरआवासीय नेपाली फाउण्डेशन एक पूर्ण अधिकार सम्पन्न संचालक समिति (Board of Directors) बाट संचालन हुनेछ । संघका अध्यक्ष, कोषाध्यक्ष र मानवकल्याण विभाग प्रमुख संचालक समिति (Board

of Directors) का पदेन सदस्य रहने छन् । संघका भुतपुर्व अध्यक्ष वा विभिन्न क्षेत्रमा उल्लेखनीय दक्षता राख्ने, योगदान दिएका र फाउण्डेशनलाई उल्लेखनीय योगदान दिन सक्ने गैरआवासीय नेपालीहरु मध्येबाट ६ जना र कानुन, अर्थ, समाज शास्त्र लगायत विभिन्न क्षेत्रमा दक्षता प्राप्त एवं फाउण्डेशनलाइ उल्लेखनीय योगदान दिन सक्ने मध्येबाट ५ जना सदस्य रहने गरि १३ सदस्यीय (संघका अध्यक्ष, कोषाध्यक्ष र मानवकल्याण विभाग प्रमुख सहित) संचालक समिति गठन गरिनेछ । यसरि गठित संचालक समितिमा कम्तिमा ३ जना महिला सदस्यको सहभागिता गराउनुपर्नेछ। संचालक समिति (Board of Directors) को गठन र कोष लगायत फाउण्डेशन संचालन सम्बन्धी बाँकी सम्पूर्ण कार्य गैरआवासीय नेपाली फाउण्डेशन सम्बन्धी नियमावलीको अधिनमा रही गरिनेछ

२६.५.३ कोष सम्बन्धि व्यवस्था, कोषको काम, कर्तव्य र अधिकार, शर्तहरु, सचिवालय सम्बन्धि व्यवस्था तथा कर्मचारीको नियुक्ति तथा सेवा शर्तहरु छुट्टै नियमावली **"एनआरएन फाउण्डेसन सम्बन्धी नियमावली"** बनाई संचालन गरिनेछ । उक्त नियमावली यस विधानको अधिनमा रहने छ र अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरी तोकेको मिति देखि लागु हुने छ ।

२७. **संघको लेखा र लेखा परीक्षण:** संघको आय व्ययको विवरण नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिने छ । यो दफाको प्रयोजनकालागि संघको लेखाको लेखापरीक्षण संघको साधारण सभाले नियुक्त गरेको इजाजत प्राप्त लेखापरीक्षकबाट गरिनेछ । संघको लेखापरीक्षकको नियुक्ति तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ । लेखापरीक्षण भए पश्चात लेखापरीक्षकले प्रत्येक वर्ष संघको लेखाको लेखापरीक्षण गरिदिएको प्रतिवेदन संघले एक प्रति परराष्ट्र मन्त्रालयमा पेश गर्नेछ ।

संघको लेखा तथा काम कारवाहीको सम्बन्धमा परराष्ट्र मन्त्रालयले अनुगमन गर्न सक्नुका साथै अनुगमन गर्दा संघको काम कारवाहीमा कुनै सुधार गर्न आवश्यक देखिएमा परराष्ट्र मन्त्रालयले आवश्यक निर्देशन दिनसक्नेछ । सो बमोजिम दिइएको निर्देशनको पालना गर्नु संघको कर्तव्य हुनेछ ।

२८. **बैंक खाता:** संघको बैंक खाता संघको नाउँमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सञ्चालन गर्नेछ । खाताबाट सबै प्रकारका चेकहरु वा आदेशहरुको भुक्तानीका लागि विधानको दफा २६.३ मा तोकिए बमोजिमका दुई जना पदाधिकारी वा निजहरुले तोकिएको दुई जना व्यक्तिबाट सही गरिनेछ ।

## परिच्छेद - ९

२९. **विधानको संशोधन:**

२९.१ यस विधानको कुनै पनि दफा, उपदफाको संशोधन खारेजी थप घट वा परिवर्तन गर्ने प्रस्ताव पेश गर्न संघको महाधिवेशन, विशेष साधारण सभा वा साधारण सभाले कम्तिमा एक संयोजक सहित विधान संशोधन सुझाव समितिको गठन गर्नेछ । समितिको संयोजक संघका वर्तमान तथा पूर्व संरक्षक, सल्लाहकार एवं पदाधिकारीहरु मध्येबाट हुनु पर्नेछ । यस समितिका सदस्यहरु संघका अन्तर्राष्ट्रिय समन्वय परिषद्का वर्तमान तथा पूर्व संरक्षक, सल्लाहकार, पदाधिकारी, सदस्य एवं राष्ट्रिय समन्वय परिषद्का वर्तमान तथा पूर्व अध्यक्षहरु, कानुनविदहरु मध्येबाट हुनु पर्नेछ । कारणबस चयन हुन संभव नभएको स्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले चयन गर्नेछ ।

आवश्यक स्थिति सृजना भएको खण्डमा अन्तर्राष्ट्रिय समन्वय परिषद् पदाधिकारी तथा सदस्यहरु मध्ये पच्चिस प्रतिशतले संशोधनको प्रस्ताव पेश गर्न सक्ने छन् । यसरी पेश गरिएको प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषद् मार्फत महाधिवेशन वा विशेष साधारणसभा वा साधारणसभामा पेश गरिनेछ र प्रस्तावित विषयहरु उपस्थित दुई तिहाइ भन्दा बढी प्रतिनिधिहरुको स्वीकृतिमा पारित गर्न सकिनेछ ।

२९.२ विधानको कुनै दफाहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा त्यस्तो व्यवस्था परराष्ट्र मन्त्रालयले स्वीकृति तथा प्रमाणित गरेपछि लागू हुनेछ ।

३०. **निष्काशन:** अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी वा सदस्यहरुले संघलाई नोक्सानी पुर्‍याउने कुनै खराब आचरण गरेको ठहर भएमा राजीनामा दिन लगाइनेछ । यदि सो व्यक्तिले राजीनामा दिन इन्कार गरेमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा उपस्थित सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्न सकिनेछ । यसरी निष्काशन गर्नु पूर्व निजले गरेको आचरणको बारेमा तीस दिन भित्र स्पष्ट गर्ने उचित अवसर दिइनेछ । यस दफाको प्रयोजनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक अनुशासन समितिको गठन गर्न सक्नेछ ।

३१. **विधानको व्याख्या:** यो विधानको व्याख्या गर्ने अधिकार धारा १४.८ अनुरुप गठित विधान व्याख्या समितिमा रहनेछ । समितिका संयोजक  पूर्व पदाधिकारी, वर्तमान वा पूर्व सल्लाहकार मध्येबाट हुनेछन् । सदस्यमा एक जना कानुनविद र विधान संशोधन तथा सुझाव समितिका संयोजक रहने छन् । समिति तीन सदस्यीय हुनेछ । विधान व्याख्या समितिले गरेको व्याख्या अन्तिम मानिनेछ ।

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

३१.१ **भाषा**: संघको औपचारिक भाषा (कामकाजको भाषा) नेपाली तथा अंग्रेजी भाषा मध्ये कुनै एक वा दुवैमा हुनेछ ।

३२. **अन्य संघ संस्थाहरुसँगको सहकारिता:** संघले यस विधानमा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि नेपाली एवं गैर नेपाली संघ संस्थाहरुसँग समन्वय गर्न सक्नेछ ।

३३. **अन्तर्राष्ट्रिय समन्वय परिषद्को विघटन:** सम्पूर्ण पञ्जिकृत सदस्यहरुको दुई तिहाई बहुमतले चाहेमा अन्तर्राष्ट्रिय समन्वय परिषद् विघटन हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद् विघटन भएको मितिले बढिमा तीन महिना भित्र विशेष साधारणसभाले नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषद्को चयन गर्नेछ ।

३४. **संघको खारेजी:** विश्वभरका कुल राष्ट्रिय समन्वय परिषद्हरु मध्ये पचहत्तर प्रतिशत राष्ट्रिय समन्वय परिषद्हरुको राष्ट्रिय महाधिवेशनहरुमा राष्ट्रिय समन्वय परिषद्हरुका सदस्यहरु मध्ये पचहत्तर प्रतिशत सदस्यहरुले संघको विघटन प्रस्ताव पारित गर्ने निर्णय गरेमा वा विधान बमोजिम संघले कार्य संचालन गर्न नसकेमा संघको विघटन हुनेछ । उपरोक्त कुनै कारणले संघ विघटन भएमा संघको सम्पत्ती नेपाल सरकारको स्वामित्वमा सर्नेछ र उक्त सम्पत्तिले थामेसम्मको संघको दायित्व नेपाल सरकारले व्यहोर्ने छ । संघ विघटनको यस्तो निर्णय अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अनुमोदन गरेको मितिले ६ महिना पछि लागु हुनेछ ।

३५. **प्रचलित कानून अनुसार हुने**: यस विधानमा व्यवस्था भएका कुराहरु यसै बमोजिम हुने छन् । यस विधानमा व्यवस्था भएका कुराहरु यसै बमोजिम हुने छन् । तर विधानका व्यवस्थाहरु प्रचलित नेपाल कानूनसँग कुनै पनि दफा बाझिएमा बाझिएको हदसम्म स्वत: निष्क्रिय हुनेछ ।

३६. **चल अचल सम्पत्ति:** संघले आफ्नो नाममा चल अचल सम्पत्ति खरिद गर्न, प्राप्त गर्न, राख्न वा आफ्नो नामको सम्पत्ति भोग गर्न तथा आवश्यकता अनुसार आफ्नो हक/स्वामित्व कुनै किसिमले हस्तान्तरण गर्न पाउनेछ ।

३७. **बचाउ:** यस संघका कुनै पदाधिकारीहरुले यस विधान र प्रचलित कानूनको परिधि भित्र रही संघको हीत चिताई गरेको कामको लागि व्यक्तिगत रुपमा जिम्मेवार बनाईने छैन । त्यस्तो अवस्थामा संघ उत्तरदायी भई पदाधिकारीको संरक्षण गर्नु पर्नेछ ।

३८. **उजुर नालिस:** संघले कसै उपर उजुर नालिस गर्न र कसैले आफु उपर दाबी गरेको नालिस उजुरमा प्रतिरक्षा गर्न सक्नेछ ।

३९. सम्बन्धित राष्ट्रिय समन्वय परिषद्‌को विधानले बाधा अड्चन ल्याएको खण्डमा अन्तर्राष्ट्रिय समन्वय परिषद्‌सँग बाधा अड्चन फुकाउने अधिकार रहने छ ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

Non-Resident Nepali Association
NRNA
Kathmandu

## अनुसूची - १

संघको प्रतिक चिन्ह: दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल्लो अर्ध वृतमा अंग्रेजी भाषाको ठूलो अक्षरमा Non-Resident Nepali Association लेखिएको चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ ।

**प्रतिक चिन्हको नमुना:** उदाउँदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल, NRNA गैरआवासीय नेपालीहरु, Non-Resident Nepali Association ले गैरआवासीय नेपाली संघको र दुई अर्थ वृत्तहरुको घेराले पुथ्वीको प्रतिनिधित्व गर्छ ।

## अनुसूची - २

**शपथ:** म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम, उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैरआवासीय नेपाली संघको मुल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताका साथ आत्मासात गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।

## अनुसूची - ३

**संघको छाप:** संघको छाप गोलाकार, गोलाकार भित्र अंग्रेजी भाषामा संघको नाम Non-Resident Nepali Association लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA लेखिएको अंग्रेजी ठूलो अक्षरको माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य हुनेछ ।

## अनुसूची - ४

.............................

## अनुसूची - ५

.............................

## अनुसूची - ६
## अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको संख्या

अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले प्रतिनिधि चयन गर्नेछ । १,००० (एक हजार) सम्म पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक १० (दश) जना पञ्जिकृत सदस्य बराबर १ (एक) जना प्रतिनिधि (१०:१ को अनुपात) चयन गर्नेछ । १,००० (एक हजार) भन्दा बढी पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक थप १,००० (एक हजार) सदस्यको लागि क्रमिक ४०:१, ८०:१, १२०:१ संख्याको अनुपातमा थप प्रतिनिधिहरु चयन गर्नेछ । १,००१ देखि २,००० सम्म सदस्य भएमा माथि उल्लेखित प्रतिनिधि संख्यामा थप ५% प्रतिनिधि, २,००१ देखि ३,००० सम्म सदस्य भएमा थप ६% प्रतिनिधि, ३,००१ देखि ४,००० सम्म सदस्य भएमा थप ७%, ४,००१ देखि ५,००० सम्म सदस्य भएमा १०%, ५,००१ देखि १०,००० सम्म सदस्य भएमा थप २०% र १०,००१ देखि २०,००० सदस्य भएमा थप २०% प्रतिनिधि र २०,००१ भन्दा भन्दा बढि सदस्य भएमा थप २५% प्रतिनिधिको छनोट हुनेछ ।

प्रतिनिधिको संख्याको नमूनाः

| पञ्जिकृत सदस्यको संख्या | महाधिवेशन प्रतिनिधिको संख्या | थप महाधिवेशन प्रतिनिधिको संख्या | जम्मा महाधिवेशन प्रतिनिधिको संख्या |
|---|---|---|---|
| १,००० | १०० | ०% (० जना ) | १०० |
| २,००० | १२५ | ५% (६ जना) | १३१ |
| ३,००० | १३८ | ६% (८ जना) | १४६ |
| ४,००० | १४६ | ७% (१० जना) | १५६ |
| ५,००० | १५२ | १०% (१५ जना) | १६७ |
| १०,००० | १७१ | २०% (३४ जना) | २०५ |
| २०,००० | १८९ | २५% (४७ जना) | २३६ |
| ३०,००० | १९९ | २५% (५० जना) | २४९ |

प्रतिनिधिहरुको संख्या राष्ट्रिय महाधिवेशनको निर्वाचनमा भाग लिएका पञ्जीकृत सदस्यहरुको आधारमा निर्धारण गरिनेछ ।

## अनुसूची - ६(क)

## दफा १३.७(क) मा उल्लेखित महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया

१. संघमा विभिन्न किसिमले आवद्द भएका पञ्जिकृत सदस्यहरु मध्येबाट ९० (नब्बे) प्रतिशत प्रतिनिधिहरु निम्न प्राथमिकताको आधारमा चयन हुनेछन्:

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारी र पूर्व संरक्षकहरु ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्को विद्यमान अनुशासन समिति, विधान व्याख्या समिति र विधान संशोधन सुझाव समितिका संयोजक ।

(३) राष्ट्रिय समन्वय परिषद्का नवनिर्वाचित कार्य समितिका पदाधिकारी र सदस्यहरु । यस्ता प्रतिनिधिको संख्या पञ्जिकृत सदस्यहरुको संख्याको आधारमा निम्नानुसार हुनेछ ।

| पञ्जिकृत सदस्य | प्रतिनिधि संख्या |
|---|---|
| १०० सम्म | ११ जना सम्म |
| ५०० सम्म | १३ जना सम्म |
| १,००० सम्म | १७ जना सम्म |
| ३,००० सम्म | २१ जना सम्म |
| ५,००० सम्म | २५ जना सम्म |

१०,००० सम्म ३५ जना सम्म

२०,००० सम्म वा बढि ४५ जना सम्म ।

(४) राष्ट्रिय समन्वय परिषद्का नवनिर्वाचित क्षेत्रीय संयोजकहरु ।

(५) नयाँ राष्ट्रिय समन्वय परिषद्को निर्वाचनमा पदाधिकारीको उम्मेदवार भई निकटतम मत प्राप्त गरेका उपविजेताहरु । तर यस्ता निकटम उम्मेदवारहरुले जम्मा मतदाताको संख्याको १० (दश) प्रतिशत मत प्राप्त गरेको हुनु पर्नेछ ।

(६) नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचनमा उम्मेदवार भई निकतम प्रतिद्वन्दी १ (एक) जना ।

(७) अन्तर्राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठित समिति तथा कार्यदलका संयोजक पदमा १ (एक) कार्यकाल काम गरेका व्यक्तिहरु ।

(८) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व सल्लाहकार, पूर्व सदस्यहरु, पूर्व मानार्थ परिषद् सदस्यहरु ।

(९) राष्ट्रिय समन्वय परिषद्का पूर्व अध्यक्षहरु ।

(१०) राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारी तथा सदस्यहरु ।

२. अनुसूची - ६(क) को दफा १. को उपदफा (१) उल्लेखित प्राथमिकता क्रममा नपर्ने तर संघलाई महत्वपूर्ण योगदान दिएका र दिन सक्ने, विभिन्न संघ संस्थामा आवद्ध भई ख्याति प्राप्त गरेका, राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा विज्ञता प्राप्त गरेका र संघमा विभिन्न तवरले आवद्ध भएका व्यक्तिहरुबाट बढीमा १० (दश) प्रतिशत प्रतिनिधिहरु राष्ट्रिय समन्वय परिषद्ले चयन गर्न सक्नेछ ।

३. विधानको अनुसूची - ६ अनुसार निर्धारित संख्या माथि उल्लेखित प्राथमिकताबाट पूर्ति हुन नसकेमा गैरआवासीय नेपाली संघसँग विभिन्न किसिमले आवद्द भइ योगदान गरेका व्यक्तिहरुबाट राष्ट्रिय समन्वय परिषद्ले पूर्ति गर्न सक्नेछ ।

४. तर विधानमा तोकिएको अवधि भित्र राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन हुन नसकेमा वा राष्ट्रिय महाधिवेशन सम्पन्न भएता पनि विधानले तोकिएको अवधि भित्र प्रतिनिधिहरु चयन हुन नसकेमा प्रतिनिधि चयन अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले गर्नेछ । यस्तो अवस्थामा ६(क) को दफा १. को उपदफा (१) (२) (७) र (८) अनुसार योग्यता पुगेका प्रतिनिधिहरुको मात्र चयन गर्नु पर्नेछ। यसरी प्रतिनिधि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयबाट चयन हुँदा आइसीसीको निर्वाचन हुने दिन भन्दा २१ (एक्काइस) दिन पूर्वनै गरि सक्नु पर्नेछ ।

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

## अनुसूची - ७
## अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य संख्या

| पञ्जिकृत सदस्यको संख्या | आइसीसी सदस्यको संख्या |
|---|---|
| ५,००० | ५ |
| ७,००० | ६ |
| १०,००० | ७ |
| १४,००० | ८ |
| १९,००० | ९ |
| २५,००० | १० |

## अनुसूची - ८
## राष्ट्रिय समन्वय परिषद्हरुले अपनाउनु पर्ने न्यूनतम मापदण्ड

राष्ट्रिय समन्वय परिषद्ले तल उल्लेख गरिएको प्रावधान पालना गर्नु पर्नेछ:

क) राष्ट्रिय समन्वय परिषद्ले संघको विधानको धारा २५ अनुसारको अधिकार र कर्तब्य पालना गर्नु पर्नेछ ।

ख) संघले निर्धारण गरेको मापदण्ड अनुरुप सदस्यहरुको सदस्यता विवरण जारी गर्नु पर्ने छ ।

ग) तोकिएको समयमा राष्ट्रिय महाधिवेशन तोकिएको नियमावली अनुसार सम्पन्न गर्नु पर्नेछ ।

घ) राष्ट्रिय महाधिवेशनमा सम्पन्न गरिने निर्वाचनमा सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजकले तोकेको पदाधिकारी वा सदस्यले अनुगमन गर्नु पर्नेछ ।

ङ) अनुगमनकर्ताले अनिवार्य रुपमा राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धी नियमावलीमा प्रावधान गरिएको फारममा भएका विवरणहरु भर्नु पर्नेछ । सो फारम प्रमाणित गरी अन्तर्राष्ट्रिय समन्वय परिषद् मा १४ दिन भित्रमा पठाउनु पर्नेछ ।

च) गैरआवासीय नेपाली संघको विधान २०१७ को उपदफा ५.१ अनुसार सदस्यता लिएका सदस्यहरुले मतदानमा भाग लिएको हुनु पर्नेछ ।

छ) पञ्जिकृत सदस्यहरुले हरेक दुई वर्षमा सदस्यता नविकरण गरेको हुनुका साथै निर्वाचित भएका अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको सदस्यता शुल्क बुझाएको हुनु पर्नेछ ।

ज) नयाँ कार्यकालको कार्य समितिको विवरण र अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुको नामावली क्षेत्रीय संयोजक मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पठाएको हुनु पर्नेछ ।

झ) राष्ट्रिय समन्वय परिषद्हरुले आफ्नो निर्वाचन सम्बन्धी आचार संहिता निर्वाचन हुनु भन्दा पहिले अन्तर्राष्ट्रिय समन्वय परिषद् सचिवालयमा पेश गर्नु पर्नेछ ।

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

ञ) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले जारी गरेका नियमहरु पालना गर्नु पर्नेछ ।

ट) माथिका न्यूनतम मापदण्ड पालना गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्संग एक सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

ठ) राष्ट्रिय समन्वय परिषद्हरुले अनिवार्य रुपमा आर्थिक र वार्षिक प्रतिवेदन अन्तर्राष्ट्रिय समन्वय परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

ड) राष्ट्रिय समन्वय परिषद्को बिधान तथा नियमावलीको कुनै दफा अथवा उपदफा अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान अथवा निर्देशनसँग बाझिएमा सम्बन्धित देशको कानूनले वर्जित गरेको अवस्थामा बाहेक बाझिएको हद सम्म अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान बमोजिम हुनेछ ।

**।। समाप्त ।।**

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

Non-Resident Nepali Association
NRNA
Kathmandu, Nepal